बागमती प्रदेश सभा

# उद्योग, पर्यटन तथा वातावरण समिति

# वार्षिक प्रतिवेदन ,२०८२




उद्योग, पर्यटन तथा वातावरण समितिको सचिवालय

हेटौँडा , मकवानपुर

# बागमती प्रदेश सभा

उद्योग, पर्यटन तथा वातावरण समिति

# वार्षिक प्रतिवेदन, २०८२

बागमती प्रदेश

उद्योग, पर्यटन तथा वातावरण समितिको सचिवालय

हेटौंडा, मकवानपुर ।

# उद्योग, पर्यटन तथा वातावरण समितिका सदस्यहरू



**मा. आनन्द कुमार श्रेष्ठ**
**सभापति**

## सदस्यहरू


मा. उर्मिला नेपाल


मा. गिता काफ्ले


मा. ठुला थामी


मा. तारा नारायण श्रेष्ठ


मा. दिपेन्द्र श्रेष्ठ


मा. धनेश्वरी प्रजापती


मा. बाल कुमारी विस्वकर्मा


मा. भारती कुमारी पाठक


मा. भुवन केशरी श्रेष्ठ


मा. मसिना खड्का


मा. मायादेवी शर्मा


मा. मोनिका श्रेष्ठ


मा. यमुना देवी श्रेष्ठ


मा. याङ्किला शेर्पा


मा. रुकु चौलागाई


मा. लक्ष्मणलम्साल


मा. शान्ता ढकाल


मा. शैलेन्द्र मान बज्राचार्य


महेन्द्र रावत
समिति सचिव

# मन्तव्य



माननीय सभामुख महोदय,
प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम गठन भएको उद्योग, पर्यटन तथा वातावरण समितिले चालु आर्थिक वर्ष २०८२ मा पनि आफ्नो दायित्व र उत्तरदायित्वलाई गम्भीरताका साथ निर्वाह गर्दै बागमती प्रदेश सरकारअन्तर्गतका तीनवटा मन्त्रालय—वन तथा वातावरण मन्त्रालय, उद्योग, बाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, र संस्कृति तथा पर्यटन मन्त्रालय—अन्तर्गतका नीतिगत तथा कार्यान्वयन पक्षहरूको अनुगमन, मूल्याङ्कन र सुझाव प्रस्तुत गर्ने कार्यमा विशेष ध्यान दिएको छ।

माननीय सभामुख महोदय ,
समितिले चालु आर्थिक वर्षको वैशाख महिनासम्म विभिन्न चरणमा स्थलगत अनुगमन भ्रमणहरू सम्पन्न गर्दै मन्त्रालय मातहतका कार्यालयहरू, आयोजना स्थलहरू, तथा रणनीतिक रूपमा महत्त्वपूर्ण क्षेत्रहरूको अवलोकन गरेको छ। यस अवधिमा दोलखा,रामेछाप,काभ्रे,सिन्धुली,काठमाडौं, ललितपुर, चितवन, मकवानपुर लगायतका जिल्लाहरूमा पुगेर योजनाको कार्यान्वयन अवस्था, स्रोत व्यवस्थापन, जनशक्ति परिचालन, पर्यावरणीय मापदण्डको पालना, तथा सेवा प्रवाहको गुणस्तरसम्बन्धी प्रत्यक्ष सूचनाहरू संकलन गरिएको थियो।

अनुगमनका क्रममा देखिएका मुख्य विषयहरूमध्ये केही यसप्रकार छन्ः

औद्योगिक पूर्वाधार विकासमा प्रगति देखिए पनि योजनाहरूको कार्यान्वयनमा ढिलाइ, प्राविधिक जनशक्तिको कमी र स्थानीय तहहरूसँगको समन्वयमा कमजोरी देखिएको छ। कतिपय स्थानमा स्वीकृत बजेटमा समेत खर्च नगरी योजनाहरू अधुरो अवस्थामा रहिरहेको देखिन्छ ।

वन संरक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धी योजनाहरूमा सम्बन्धित निकायहरूबीच आवश्यक समन्वय र अनुगमन प्रणाली सशक्त देखिएन। साथै, वन्यजन्तुजन्य क्षति नियन्त्रण, सामुदायिक वनको भूमिका, र जैविक विविधताको संरक्षणमा थप दीर्घकालीन रणनीतिक योजनाहरु र राज्यका नीतिहरुमा समयानुकूल परिमार्जन  आवश्यक छ।
पर्यटन प्रवद्र्धन र पूर्वाधार विकासका लागि बनाइएका योजना कागजी रूपमा आकर्षक भए पनि केही स्थानमा स्थलगत यथार्थसँग मेल नखाने, अध्ययन–अनुसन्धान बिना परियोजना चयन गरिएका, र स्थानीय समुदायको सहभागिता सीमित रहेका कारण योजना कार्यान्वयन र छनौट प्रक्रियामा रहेका त्रुटीहरु समयमा नै सच्याउन आवश्यक देखिन्छ । भू–उपयोग सम्बन्धी ऐन, नियम र नीतिहरु समयमै निर्माण गर्न नसक्दा कायान्वयन र व्यवस्थापनमा असजिलो भएको छ। अनुगमनका क्रममा विशेष गरी उद्योग स्थापना र भूमि व्यवस्थापनबीचको समन्वय अभाव, नक्सांकनको अस्पष्टता र तीन तहका सरकारकाबीच समन्वयमा कमि र अधिकारको दोहोरोपनले विकास योजनामा समस्या सिर्जना भएको देखिएको छ ।
जलवायु परिवर्तनका कारण उत्पन्न सक्ने असरलाई न्यूनीकरण गर्दै अनुकूलनका कार्यक्रम र योजनाहरु ल्याउन जरुरी छ । प्राकृतिक विपतका घटनाहरु दिनानुदिन बढीरहेकाछन् । विपत व्यवस्थापनका लागि प्रदेश सरकारले दीर्घकालीन नीति, पूर्व तयारी र विपतपछिको तत्काल राहत तथा पुनस्थापनाका लागि ठोस योजना, पर्याप्त बजेट र बलियो संस्थागत संरचना आवश्यक छ । जलवायु परिवर्तका कारण उत्पन्न समस्याहरु समाधान र वातावरण संरक्षणका लागि ठोस नीति र कार्ययोजना  बनाउन जरुरी छ ।
माननीय सभामुख महोदय,
यी स्थलगत अनुगमनहरूले समितिलाई नीति निर्माणका क्रममा व्यवहारिक सन्दर्भहरू बुझ्न मद्दत पु–याएको छ। सोही आधारमा समितिले प्रतिवेदनमा कार्यान्वयन गर्न सकिने खालका तात्कालिक सिफारिसहरू, तथा दीर्घकालीन नीतिगत मार्गदर्शनहरू समावेश गरेको छ, जसले प्रदेश सरकारलाई उत्तरदायी र पारदर्शी प्रशासनतर्फ उन्मुख गराउने विश्वास लिएको छु।

यस वर्ष समितिको कार्य प्राथमिक रूपमा निम्न क्षेत्रहरूमा केन्द्रित रह्योः

- ✓ वातावरणीय संरक्षण र जलवायु परिवर्तन न्यूनीकरण,
- ✓ नवप्रवर्तनमूलक र हरित उद्योगको प्रवद्र्धन,

- ✓ समावेशी तथा समुदायमैत्री पर्यटनको प्रवद्र्धन,
- ✓ भू–उपयोग र भूमि व्यवस्थापनमा सुधार,
- ✓ नीति र कार्यान्वयनबीचको समन्वय सुदृढीकरण।

अन्त्यमा, समितिमा हिउँदे अधिवेशन/विधेयक अधिवेशनमा पर्याप्त विधेयकहरु सरकारका तर्फबाट प्राप्त हुन सकेन । समयमै समयानुकूल कानूनहरु निर्माण नहुँदा सरकारको सेवा प्रवाह सोचेजस्तो उपलब्धी मूलक हुन सकिरहेको छैन । उद्यपी समितिको काम कानून निर्माण गर्ने मात्र हैन, बनिसकेका कानूनहरुको कार्यान्वयनको अवस्थाहरुको मापन गर्नुपनि रहेको हुँदा उत्तरविधायिकी परीक्षणको कामलाई पनि महत्वकासाथ अगाडि बढाउनुपर्ने देखिन्छ । तर, पर्याप्त आर्थिक स्रोतको अभावका कारण गर्नुपर्ने महत्वपूर्ण कार्याहरु सम्पादन गर्न सकिएको छैन ।आगामी दिनमा यस्ता कमीहरुलाई हटाउँदै जानुपर्ने छ ।
समितिको कार्यलाई प्रभावकारी बनाउने कार्यमा योगदान पुर्याःउनु भएका सबै माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालय तथा मातहतका कार्यालयका पदाधिकारीहरू, प्रदेश सभा सचिवालयका कर्मचारीहरू, विषय विज्ञ तथा सरोकारवाला संस्था, र सूचनाको प्रभावकारी सम्प्रेषणमा संलग्न सञ्चारकर्मीहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु।
यस प्रतिवेदन माननीय सभामुखज्यूमार्फत प्रदेश सरकार तथा प्रदेश सभामा प्रस्तुत गर्दै, यसले आगामी नीति निर्माण र सेवा प्रवाहलाई जनमुखी, उत्तरदायी र दिगो बनाउने दिशामा सहयोग पुग्ने अपेक्षा लिएको छु।

**माननीय आनन्द कुमार श्रेष्ठ**
**सभापति**
**उद्योग, पर्यटन तथा वातावरण समिति**

२०८२ साल जेष्ठ महिना ३० गते

# विषयसूची

परिच्छेद-१
प्रारम्भिक

१.१ पृष्ठभूमि
१.२ समितिको गठन
१.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार
१.४ उद्योग, पर्यटन तथा वातावरण समितिको सचिवालय

परिच्छेद-२
सम्पादित कार्य

२.१. समितिको बैठकको निर्णयहरू

परिच्छेद ३-
कार्यक्रम तथा गतिविधि

३.१.विषयगत समितिका सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

परिच्छेद - ४
उपसमिति गठन र कार्यहरु

अनुसूची १ समितिबाट पास भएका विधेयकको प्रतिवेदन
अनुसूची २ उद्योग, पर्यटन तथा वातावरण समितिको आन्तरिक कार्यविधि,२०८०
अनुसूची-३ माननीय सदस्यहरूको बैठकमा उपस्थिति विवरण
अनुसूचि-४ माननीय सदस्यहरूको विवरण
अनुसूचि-५ समितिका अनुगमनका क्रममा लिईएका तस्वीरहरु

# परिच्छेद-१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

लोकतान्त्रिक शासन प्रणालीको मेरुदण्ड मानिने संसद् जनप्रतिनिधिहरूमार्फत् जनताको आवाज र आकांक्षालाई प्रतिनिधित्व गर्ने उच्च निकाय हो। संसदको मूल कार्यहरूमा कानुन निर्माण, जनचासोका विषयमा सरकारलाई उत्तरदायी बनाउने तथा जनताको आवश्यकता र समस्या सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउने कार्य पर्दछन्। यस्ता कार्यहरूलाई प्रभावकारी, विशेषज्ञ र संरचित बनाउने उद्देश्यले संसद्भित्र विभिन्न विषयगत समितिहरूको गठन गरिन्छ।

संसद् जस्तो ठूलो निकायमा सबै सदस्यहरू एकैपटक सबै विषयमा छलफल गर्न सक्ने अवस्था हुँदैन। त्यसैले, विधायन प्रक्रियालाई अझ दक्ष र उत्तरदायी बनाउने उद्देश्यले विधायिकामा समितिगत अभ्यासको विकास हुँदै आएको छ। नेपालको संविधानको धारा १९३ मा व्यवस्था गरिएअनुसार, प्रदेश सभाले नियमावली बमोजिम आवश्यकताअनुसार समिति वा विशेष समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ।

यी समितिहरूको प्रमुख उद्देश्य भनेको कार्यपालिकालाई व्यवस्थापिका समक्ष उत्तरदायी र जवाफदेही बनाउनु हो। कार्यपालिकाले गरेका निर्णय तथा कार्यहरूको मूल्याङ्कन, अनुगमन, अध्ययन र निगरानी गरी समय–समयमा संसद् समक्ष प्रतिवेदन पेश गर्नु समितिहरूको जिम्मेवारीमा पर्छ। साथै, सरकारले प्रस्तुत गरेका योजनाहरू, नीति तथा प्रतिवद्धता कार्यान्वयनमा आएको प्रगति मूल्याङ्कन गर्नु पनि यिनै समितिहरूको कर्तव्य हो।

बागमती प्रदेश सभाको नियमावली, २०७४ को नियम १४६ अनुसार प्रदेश सरकारका कार्यहरूमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्न पाँचवटा विषयगत समितिहरू गठन गरिएको छ। तिनैमध्ये उद्योग, पर्यटन तथा वातावरण समिति एक महत्वपूर्ण समिति हो। यस समितिको कार्यक्षेत्रमा बागमती प्रदेश सरकार अन्तर्गतका वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, तथा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय पर्दछन्। यी मन्त्रालयहरूसँग सम्बन्धित कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गरेर आवश्यक राय, सल्लाह र निर्देशन दिने जिम्मेवारी यस समितिको हो।

साथै, यस समितिले स्रोतसाधनको परिचालन, व्यवस्थापन र त्यसको प्रभावकारिताको अध्ययन गर्दै सम्बन्धित निकायलाई आवश्यक सुझावसहित वार्षिक प्रतिवेदन प्रदेश सभामा

पेश गर्नुपर्ने दायित्व समेत निर्वाह गर्दछ। विशेष गरी, उद्योग र पर्यटन क्षेत्रलाई आर्थिक गतिविधिका रूपमा विस्तार गर्दा वातावरणीय संवेदनशीलता नजरअन्दाज हुने हो भने दिगो विकास सम्भव हुँदैन। त्यसैले, विकास र वातावरणबीच सन्तुलन कायम राख्दै वातावरणीय असरहरूको पूर्व मूल्याङ्कन, सतत अनुगमन र आवश्यक हस्तक्षेप गर्ने नीतिगत भूमिका यस समितिको अपरिहार्य दायित्व हो।

## १.२ समितिको गठन

नेपालको संविधानको धारा १९३ मा प्रदेशमा विषयगत समिति गठन गर्ने व्यवस्था भए बमोजिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ र १४६ ले व्यवस्था गरे अनुसार विषयगत समिति गठन गर्न सक्नेछ। सोही संवैधानिक व्यवस्था वमोजिम प्रदेश सभा नियमावली २०७४ को नियम १४६ अनुसार प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीहरूका अनुगमन तथा मूल्याङकन गरी आवश्यक निर्देशन वा राय सल्लाहका लागि प्रदेश सभामा विभिन्न विषयगत समिति गठन भएका छन्। त्यस मध्ये उद्योग, पर्यटन तथा वातावरण समिति मिति २०७४ फागुन १५ गते बसेको बैठकको सहमती बमोजिम माननीय सभामुखज्यूबाट सदस्यहरूको मनोनयन भए अनुसार गठन भएको हो। यस समितिमा सभापती माननीय श्री आनन्द कुमार श्रेष्ठ हुनुनुन्छ भने उहाँसहित समितिमा १९ जना सदस्यहरू हुनुहुन्छ। समामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा नियम १४६ बमोजिम समितिमा बढिमा २२ जना सदस्यहरू प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस आर्य तथा अन्य समुदायको सममानुपातिक प्रतिनिधित्व हुने गरी मनोनयन गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार

प्रदेश सभा नियमावली, २०७४ को नियम १५.१ मा व्यवस्था गरिए बमोजिम उद्योग, पर्यटन तथा वातावरण समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रिपरिषदका सदस्यले बैठकमा उद्योग, पर्यटन तथा वातावरणसँग सम्बन्धित रहेर समय— समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के—कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- उद्योग, पर्यटन तथा वातावरण समितिसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भएनभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारद्वारा समय—समयमा गठन हुने छानविन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो . सम्बन्धमा आवश्यक निर्देशन दिने।
- बैठकले सुम्पेको अन्य काम गर्ने।
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।
- छलफलमा थप विषयवस्तुको जानकारी आवश्यक परेमा विज्ञ तथा विशेषज्ञहरूलाई आमन्त्रण गर्ने।
- उद्योग, पर्यटन तथा वातावरण समितको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन सम्बन्धी र सभाले दफावार छलफलका लागि पठाएका विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने।
- समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगाबै र अरू प्रतिवेदन जुन सुकै समयमा प्रस्तुत गर्न सक्नेछ।

## १.४ उद्योग, पर्यटन तथा वातावरण समितिको सचिवालय

प्रदेश सभा नियमावली, २०७४ को नियम १६२ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश सभा सचिवालय अन्तर्गत समिति सचिवालय रहनेछ। प्रदेश सभाका सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ। सचिवले आफू मातहतका अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्नेछ। सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्वन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछ। यस समितिको सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण देहाय बमोजिम रहेको छ।

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री महेन्द्र रावत | समिति सचिव |
| २. | श्री रिपेश दाहाल | कम्प्युटर अपरेटर |
| ३. | श्री सुजन पुडासैनी | माईक अपरेटर |
| ४. | श्री मिना ओझा | सहयोगी कर्मचारी |
| ५. | श्री शुसिला भट्टराई | सहयोगी कर्मचारी |

# परिच्छेद-२
# सम्पादित कार्य

## २.१. समितिको बैठकको निर्णयहरू

### २.१.१ मिति २०८० भदौ १९ गते पहिलो बैठकको निर्णय

१. समितिको सभापतिको चयन नभए सम्मको लागि समितिको बैठक बस्दा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने सर्वसम्मत निर्णय गरियो।

२. समितिको आन्तरिक कार्यविधि, २०८० को मस्यौदासबै माननीय सदस्यहरूलाई छापा प्रति र इलेक्ट्रोनिक प्रति उपलब्ध गराई राय परामर्श माग गर्ने निर्णय गरियो।

३. सबै माननीय सदस्यहरूको राय सल्लाह परामर्श लिन/दिन, समितिको कामकारबाहीलाई अझ चुस्त बनाउन माननीय सदस्यहरूलाई सामाजिक सञ्जालमा आबद्ध गर्ने निर्णय गरियो।

४. समितिको छलफलको विषय र सन्दर्भ सामाग्रीहरू बैठक बस्नु भन्दा अगावै समितिका माननीय सदस्यहरूलाई उपलब्ध गराउने निर्णय गरियो।

५. कार्यक्षेत्र भित्रका मन्त्रालयहरूसँग गतआ.व. २०७९/८० मा भएका प्रगति विवरण माग गर्ने।

६. प्रदेश सरकारले लगानी गरेका सम्बन्धित विषयगत मन्त्रालयहरूका प्रदेश गौरबका आयोजनाहरूको भौतिक प्रगति माग गर्ने।

### २.१.२ मिति २०८० असोज १५ गते दोस्रो बैठकको निर्णय

१. <u>**उद्योग २०८० को दफावा ,पर्यटन तथा वातावरण समितिको कार्यविधि , :सम्बन्धमा**</u>यस उद्योगपर्यटन तथा वातावरण समिति ,को आजको बैठकमा समितिको सचिवालयबाट प्रस्तावित मस्यौदा कार्यविधी माथी दफावार छलफल हुँदा समितिका सदस्यहरूबाट प्राप्त संसोधनका विषयहरू समाबेश गरी अन्तिम मस्यौदा तयार गरी आगामी समितिको बैठकमा पेश गर्न निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो।

<u>**देहाय**</u>

क) मा. ॐ कुमारी श्रेष्ठ

ख) मा. कुमारी तामाङ

ग) मा. केशव प्रसाद पोखरेल

घ) मा. गीता काफ्ले

ङ) मा. रुकु चौंलागाई

च) मा. श्याम बहादुर खड्का

<u>**१.समितिको कार्यक्षेत्र भित्रका मन्त्रालयहरूको आ.व.२०७९/८० को प्रगति विवरणको समिक्षा सम्बन्धमा**</u> -: यस समितिको कार्यक्षेत्र भित्र पर्ने वन तथा वातावरण मन्त्रालय , ,संस्कृतिपर्यटन तथा सहकारी मन्त्रालय र उद्योगभूमि तथा प्रशासन मन्त्रालय ,वाणिज्य मध्ये,पर्यटन तथा सहकारी मन्त्रालयको बार्षिक समिक्षा प्रतिवेदन माथी आगामी ,संस्कृति बैठकमा छलफल गर्ने निर्णय गरियो।

२. **शोक प्रस्ताव सम्बन्धमा**:यस समितिका सदस्य माननीय यमुनादेवी श्रेष्ठको पति श्री भुपेन्द्रलाल श्रेष्ठज्यूको असामयिक निधन भएकोले उहाँ प्रति निम्नानुसारको शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**शोक प्रस्ताव**

**"प्रदेश सभा सदस्य निर्वाचन, २०७९मा नेपाली काङ्ग्रेस दलबाट बागमती प्रदेश सभा सदस्यमा निर्वाचित भई यस समितीका सदस्य माननीय यमुनादेवी श्रेष्ठको पति श्री भुपेन्द्रलाल श्रेष्ठको असामयिक निधन भएकोमा यस समिति गहिरो दुःख व्यक्त गर्दछ। साथै यस दुःखको घडीमा माननीय यमुनादेवी श्रेष्ठको पति श्री भुपेन्द्रलाल श्रेष्ठ प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ।"**

३. **आ -: ०८१ को बजेट तथा कार्यक्रम माग गर्ने सम्बन्धमा/२०८० .ब.**यस समितिको कार्यक्षेत्र भित्रका मन्त्रालयहरूसँग आ०८१ को बजेट तथा कार्यक्रम/२०८० .ब.हरूको विवरण माग गर्ने निर्णय गरियो।

४. **बैठकको निर्णयको समिक्षा सम्बन्धमा** -:यस समितिको अघिल्लो बैठकको निर्णय चालु बैठकमा समिक्षा गर्ने निर्णय गरियो।

५. **समितिको आगामी बैठक सम्बन्धमा** -:यस समितिको अर्को बैठक आजकै दिन १३०० : बस्ने निर्णय गरियो।

## २.१.३ मिति २०८० असोज १५ गते तेस्रो बैठकको निर्णय

१. **समितिको आन्तरिक कार्यविधि सम्बन्धी कार्य सम्बन्धमा** -:यस उद्योगपर्यटन तथा , वातावरण समितिले गठन गरेको कार्यविधि निर्माण कार्यदलले पेश गरेको उद्योगपर्यटन , तथा वातावरण समितिको आन्तरिक कार्यविधि२०८० संशोधन सहित सर्वसम्मत पास , गर्ने निर्णय गरियो ।

२. **स्थलगत अनुगमनको लागि उपसमिति गठन गर्ने सम्बन्धमा** -:यस समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र अन्तरगतका कार्यालयहरुको स्थलगत अनुगमन गर्न तपसिल बमोजिमको स्थलगत अनुगमन गर्ने उपसमिति गठन गर्ने निर्णय गरियो।

क) सिन्धुपाल्चोक, धादिङ्ग, नुवाकोट र रसुवा

| | |
|---|---|
| १. मा. कुमारी तामाङ्ग | -संयोजक |
| २. मा. मोनिका श्रेष्ठ | - सदस्य |
| ३. मा. ठुला थामी | - सदस्य |
| ४. मा. दिपेन्द्र श्रेष्ठ | - सदस्य |
| ५. मा. गीता काफ्ले | - सदस्य |

ख) काभ्रेपलान्चोक, दोलखा र रामेछाप

| | |
|---|---|
| १. मा. रुकु चौलागाई | -संयोजक |
| २. मा. प्रेम भक्त महर्जन | -सदस्य |
| ३. मा. तारा नारायण श्रेष्ठ | - सदस्य |

४. मा. शैलेन्द्रमान बज्राचार्य -सदस्य

ग) <u>काठमाडौं, ललितपुर र भक्तपुर</u>

१. मा. श्याम बहादुर खड्का -संयोजक
२. मा. केशब प्रसाद पोखरेल -सदस्य
३. मा. याङ्किला शेर्पा -सदस्य
४. मा. विमल ठकुरी -सदस्य
५. मा. शान्ता ढकाल -सदस्य
६. मा. ॐ कुमारी श्रेष्ठ -सदस्य

घ) <u>मकवानपुर, चितवन र सिन्धुली</u>

१. मा. भारती कुमारी पाठक -संयोजक
२. मा. भुवन केशरी श्रेष्ठ -सदस्य
३. मा. बालकुमारी विश्वकर्मा -सदस्य
४. मा. गिर बहादुर तामाङ्ग -सदस्य
५. मा. यमुना देबी श्रेष्ठ -सदस्य

**<u>समितिको नाम संशोधन गर्ने सम्बन्धमा</u>** -ःमाननीय सभामुख समक्ष साबिकमा रहेको समितिको नाम उद्योगपर्यटन तथा वातावरण समिति , रहेकोमा उक्त नाम उद्योगबन ,पर्यटन , तथा वातावरण समिति राख्न सुझावका लागि पेस निर्णय गरियो।

## २.१.४ मिति २०८० असोज २१ गते चौथों बैठकको निर्णय

१. **<u>प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल-</u>**ःयस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलका क्रममा विधेयकमा देहायको संशोधनको निर्णय गरियो,-ः

क) प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि विधेयक भनिएको) को प्रस्तावना हटाई देहायको प्रस्तावना राख्नेः-,

**“ प्रस्तावनाःबागमती प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने तामाङ भाषा र नेपालभाषाको संरक्षण, संवर्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय, बहुभाषिक, विविधतामा एकता र सामाजिक न्याय कायम गर्न वाञ्छनीय भएकोले,**

**बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।”**

ख) विधेयकको दफा १ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-,

**“(३) यो ऐन प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरेको मितिले १८० औं दिनबाट लागू हुनेछ।”**

ग) विधेयकको दफा २ को खण्ड (क) हटाई खण्ड क्रम मिलाउने।

घ) विधेयकको दफा २ को खण्ड क्रम मिलाउदाँ हुन आउने खण्ड (घ) मा रहेको **"मौखिक रुपमा प्रयोग हुने भाषालाई"** भन्ने वाक्याशंको सट्टा **"मौखिक रुपमा प्रयोग हुने तामाङ भाषा र नेपालभाषालाई"**भन्ने वाक्याशं राख्ने।

ङ) विधेयकको दफा २ को खण्ड क्रम मिलाउँदा कायम हुन आउने खण्ड (च) हटाउने।

च) विधेयकको दफा ३ को उपदफा (२) मा रहेको **"तामाङ भाषा र नेपालभाषा समेतलाई"** भन्ने शब्दहरूको सट्टा **"तामाङ भाषाको लागि प्रयोग हुने लिपी र नेपालभाषाको लागि प्रयोग हुने लिपी समेतलाई"** भन्ने शब्दहरू राख्ने।

छ) विधेयकको दफा ४ को उपदफा (१) मा रहेको **"अन्य भाषामा"** भन्ने शब्द झिकी **"तामाङ भाषामा र नेपालभाषामा"** भन्ने शब्द राख्ने र यस पछि आउने **"अन्य भाषामा"** भन्ने शब्दहरूमा सोही अनुरुप गर्ने।

ज) विधेयकको दफा ४ को उपदफा (१) मा रहेको **"गर्न सकिनेछ"** भन्ने शब्दहरूको सट्टा **"गरिनेछ"** भन्ने शब्द राख्ने ।

झ) विधेयकको दफा ५ को उपदफा (२) मा रहेको **"शीर्षक"** भन्ने शब्द झिक्ने।

विधेयकको दफा ५ को उपदफा " मा रहेको (२)**तामाङ भाषा र नेपालभाषा"** भन्ने शब्दहरूको सट्टा **"तामाङ भाषाको मन्जुश्री संवत् र नेपालभाषाको नेपाल संवत्"** भन्ने शब्द राख्ने।

## २.१.५ मिति २०८० असोज २२ गते पाँचौं बैठकको निर्णय

१. <u>प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल-</u>:यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलका क्रममा विधेयकमा देहायको संशोधनको निर्णय गरियो,-:

१. विधेयकको दफा ६ को उपदफा (१) हटाई देहायको उपदफा (१) राख्नेः-,

**" (१) सरकारी कामकाजको भाषाको रूपमा बागमती प्रदेश भित्रका मातृभाषा प्रयोग हुने सरकारी र सार्वजनिक कार्यालयहरूमा अन्य भाषाहरू प्रयोग गरेको आधारमा विभेद, बहिष्करण र अपमानजन्य व्यवहार गर्नु दण्डनीय हुनेछ।"**

२. विधेयकको दफा ९ को सट्टा देहायको दफा ९ राख्नेः-,

**" ९. <u>शिक्षा, सञ्चार, कला र साहित्य मार्फत सरकारी कामकाजको भाषाको विकास गर्नेः</u>(१) तामाङ भाषा र नेपालभाषा लगायतका प्रदेश भित्र बोलिने सबै भाषालाई प्रदेश विश्वविद्यालय, उच्च शिक्षा एवम् शिक्षण संस्थानहरुमा स्नातकोत्तर तह र विद्यावारिधि तहसम्म अध्ययन अध्यापनको व्यवस्था गर्न सकिनेछ।**

**(२) उपदफा (१) बमोजिमको तहरूमा प्रकाशन हुने, अध्ययन अध्यापन हुने पुस्तक, अनुसन्धान तथा शोध पत्रहरूलाई अन्य भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्न सकिनेछ।**

**(३) तामाङ भाषा र नेपालभाषामा प्रकाशन हुने पत्रपत्रिका तथा साहित्य प्रकाशनलाई प्रोत्साहन स्वरूप सम्बन्धित निकायले कार्ययोजना तयार गरी आवश्यक सुविधा, सहुलियत तथा अनुदान उपलब्ध गराउन सकिनेछ।**

**(४) राष्ट्र भाषाहरूको संरक्षण र विकासका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछ।"**

३. विधेयकको दफा १० मा प्रस्तावित व्यवस्थालाई उपदफा (१) मा कायम गरी देहायको उपदफा (२) थप गर्नेः-,

**" (२) भाषा आयोग लगायतका सरकारी निकायहरूबाट आवश्यक विज्ञ र सहयोग प्राप्त गर्न सकिनेछ।"**

४. विधेयकको दफा १२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः**-,**

**" (१) यस ऐन अनुसार कामकाजको भाषा प्रयोग गर्ने प्रदेश सरकारी निकाय र सार्वजनिक संघसंस्थाले सरकारी भाषा प्रयोग सम्बन्धी प्रगति प्रतिवेदन प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।"**

५. विधेयकको दफा १३ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः-,**"(घ) प्रदेश भित्रको लोपोन्मुख तथा अल्पसंख्यक भाषाहरू तथा लिपीहरूको पहिचान, सूचिकरण, संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग गर्ने।"**

६. विधेयकको दफा १३ को उपदफा (२) को खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप्नेः-
**"(ञ) राष्ट्रभाषा संरक्षण सम्वर्धन तथा विकासका लागि योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्ने,"**

७. विधेयकको दफा १३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-,

**" (३) सरकारका कुनै पनि निकायले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा मातृभाषी संघसंस्थाहरूसँग समन्वय गरी भाषा सम्बन्धी प्राविधिक जनशक्ति प्राप्त गर्न सक्नेछ।**

८. विधेयकको दफा १४ पछि देहायको दफा १५ थप गरी दफाक्रम मिलाउनेः-,

**"१५. <u>राष्ट्रभाषा विकास प्रतिष्ठान गठन गर्न सकिनेः</u> प्रदेशभित्र बोलिने राष्ट्रभाषाहरूको विकासको लागि प्रदेश सरकारले राष्ट्रभाषा विकास प्रतिष्ठान गठन गरिनेछ।"**

९. विधेयकको दफाक्रम मिलाउँदा कायम हुन आउने दफा १७ को सट्टा देहायको दफा १७ राख्नेः-,

**"१७. <u>भाषाको पुनरावलोकनः</u> सरकारी कार्यालयहरूमा तामाङ भाषा र नेपालभाषाको प्रयोग तथा सेवा प्रवाहको प्रभावकारीता सम्बन्धी ऐन अनुरूपको कार्य भए नभएको अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधारमा प्रत्येक पाँच वर्षमा यसको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्न सकिनेछ।"**

## २.१.६ मिति २०८० असोज २२ गते छैठौं बैठकको निर्णय

१. <u>प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलमा भएका निर्णयको प्रतिवेदन-ः</u>यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि

दफावार छलफलका भई विधेयकमा भएका संशोधनहरूको निर्णय सहितको प्रतिवेदन सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो,

**समितिले बनाएको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्नेः-**यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलका भई विधेयकमा भएका संशोधनहरूको निर्णय सहितको प्रतिवेदन माननीय सभामुखज्यू मार्फत प्रदेश सभाको मिति २०८० असोज २२ गते दिनको ४:०० बजे बस्ने बैठकमा समितिका ज्येष्ठ सदस्य माननीय याङ्किला शेर्पाले पेश गर्ने निर्णय गरियो।

## २.१.७ मिति २०८० असोज २३ गते सातौं बैठकको निर्णय

१. **स्थलगत अनुगमनको लागि गठित उपसमितिको कार्ययोजना-**:यस समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र अन्तरगतका कार्यालयहरुको स्थलगत अनुगमन गर्न गठित स्थलगत अनुगमन गर्ने उपसमितिले आफ्नो कार्य योजना तयार गरी समितिमा पेश गर्न निर्देशन दिने निर्णय गरियो।

## २.१.८ मिति २०८० पौष४ गते आठौं बैठकको निर्णय

१. **उपसमिति गठन गर्ने सम्बन्धमा-**:यस समितिको मिति २०८० असोज १५ गते सम्पन्न तेश्रो बैठकको निर्णयबाट गठन गरिएको उपसमितिलाई निरन्तरता दिई कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको स्थलगत अनुगमन गर्ने निर्णय गरियो।

२. **अनुगमन कार्यक्रम तय गर्ने सम्बन्धमाः-** स्थलगत अनुगमन उपसमितिको कार्यक्रम समिति सचिवले उपसमितिहरूको संयोजकहरूसँग समन्वय गरी अनुगमनको मितिसमय , र स्थान तय गर्ने र उपसमितिको अनुगमनको लागि सचिवालयबाट बजेटको व्यवस्था गर्न निर्णय गरियो।

३. **विविधः-**

क) **समितिको बैठकमा मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने सम्बन्धमाः-** समितिको बैठकमा कार्यक्षेत्रका मन्त्रालयहरूको माननीय मन्त्रीज्यूहरूलाई आमन्त्रण गर्दा सम्बन्धित सचिवहरूलाई समेत आमन्त्रण गर्ने निर्णय गरियो ।

ख) **ऐन-कार्यविधि आदी माग गर्ने सम्बन्धमाः ,मापदण्ड ,नियमावली ,** कार्यक्षेत्रका मन्त्रालयहरूले हालसम्म तयार पारी प्रकाशन तथा कार्यान्वयनमा ल्याएका ऐन , निर्देशिका आदी कानुनी दस्तावेजहरू ,मापदण्ड ,कार्यविधि ,विनियम ,नियम मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

ग) **प्रदेश सभा सदस्यलाई जानकारी गराउने सम्बन्धमाः-** कार्यक्षेत्रका मन्त्रालयहरूले योजनापरियोजना जस्ता कार्यक ,आयोजना ,्रमहरू कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्यहरूलाई अनिवार्य जानकारी गराउन निर्देशन दिने निर्णय गरियो।

**<u>बसन्तपुर दरवार क्षेत्रको अनुगमन सम्बन्धमाः-</u>** यस समितिका माननीय सदस्यज्यूहरुबाट बसन्तपुर दरवार क्षेत्रमा भएको अनुगमनको जानकारी माननीय शैलेन्द्रमान बज्राचार्यले गराउनु भयो। यस अनुगमनका सम्बन्धमा सामान्य छलफल गरियो ।साथै अर्को बैठक मिति २०८० साल पौष ५ गते बिहीवार बिहान ८:३० बजे बस्ने गरी आजको बैठक समाप्त गरियो ।

## २.१.९ मिति २०८० पौष५ गते नवौं बैठकको निर्णय

१. **<u>बन तथा वातावरण मन्त्रालयको कार्यक्रम माथि छलफल गर्ने सम्बन्धमा-</u>**:यस समितिको कार्यक्षेत्र भित्र पर्ने बन तथा वातावरण मन्त्रालयले आ८१ को कार्यक्रम /२०८० .ब. माथि छलफल प्रारम्भ गरियो ।

२. **<u>अनुगमन कार्यक्रम तय गर्ने सम्बन्धमाः-</u>** निम्न स्थानहरुको स्थलगत अनुगमन गर्ने र बैठक अन्त्य गर्ने निर्णय गरियो ।

क) त्रिभुवन पार्कथानकोट ,

ख) कालु पाण्डे पार्ककाठमाडौ ,

ग) नागढुंगा सुरुङ्ग मार्गधादिङ्ग ,

घ) रातो मच्छिन्द्र नाथको मन्दीर (बुङ्गमती क्षेत्र)
काभ्रेपलान्चोक जिल्लाको पनौती क्षेत्र

## २.१.१० मिति २०८० माघ११ गते दशौं बैठकको निर्णय

१. **<u>बागमती प्रदेश भ्रमण बर्ष २०२४ को तयारी र कार्यान्वयन सम्बन्धमाः-</u>**यस समितिको कार्यक्षेत्र भित्र पर्ने संस्कृतिपर्यटन तथा सहकारी मन्त्रालयले बागमती प्रदेश भ्रमण बर्ष , २०२४ को तयारी र कार्यान्वयनको सन्दर्भमा मन्त्रालयको प्रस्तुति माथि माननीय सदस्यहरुबाट आफ्नो धारणा राख्नुभयो ।

२. **<u>मिति २०८००/९१८ गते त/्रिभुवन पार्क लगायतका स्थानहरुमा भएको अनुगमनको प्रतिवेदन सम्बन्धमाः-</u>**

क) नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७५/१२/०४ र उच्च अदालतको मिति २०७८/०८/२९ को फैसला अनुसार बागमती प्रदेश सरकारको व्यवस्थापन जिम्मामा आएको शहीद स्मारक प्रकृति प्रतिष्ठान थानकोटको १६६ रोपनी जग्गा, पार्क, उद्यान पूर्णरुपमा प्रदेश सरकारमै हस्तान्तरण गराउन तत्काल प्रकृया अगाडी बढाउन संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने।

ख) उक्त ठाउमा रहेको बहुमुल्य र अति महत्वपूर्ण रुख विरुवा जथाभावी काटी अवैध संरचना बनाउदै गरेको र सार्वजनिक जग्गाहरु अतिक्रमण भइरहेको तथा अवैध रुपमा राखिएका संस्था तथा कार्यालयहरु तत्काल हटाउने कार्य गर्न संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने।

ग) प्रदेश सरकारले प्रतिष्ठान, स्थानीय तह र सरोकारवालाहरु समेतलाई आवश्यक समन्वय र निर्देशन गरी स्पष्ट परिचालनको योजना बनाइ लागू गर्न निर्देशन दिने।

घ) त्रिभुवन पार्क, थानकोट जुन प्रयोजनको लागि जनताको सम्पत्ति अधिग्रहण गरेको हो सोही प्रयोजनको लागि नै प्रयोग हुने गरी योजना बनाइ लागू गर्न संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने।

समितिको निर्देशनलाई कार्यान्वयन गरी १ महिना भित्र जानकारी गराउन संस्कृतिपर्यटनतथा सहकारी मन्त्रालयलाई अनुरोध गर्ने।

## २.१.११ मिति २०८० माघ१२ गते एघारौं बैठकको निर्णय

१. <u>आदीबासी नेवाः जाति अन्तरगतका जुगि जात समुदायको आवासीय समस्या सम्बन्धमाः-</u>

क) आदीवासी जुगि जातको समुदायको आवासको व्यवस्था गर्न उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयलाई ध्यानाकर्षण गराउने।

ख) प्रदेश भित्रका जिल्लाहरूमा रहेको सिमान्तकृत, अल्पसंख्यक, लोपोन्मुख लगायतका अन्य जातीहरूको अध्ययन जिल्लागत रूपमा गठित उपसमितिले गर्ने।

२. <u>विविध</u>

क) उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले मन्त्रालय र अन्तरगतका कार्यालयहरूबाट भए गरेका कार्यहरूको पछिलो छ महिनाको प्रगति प्रतिवेदन ७ दिन भित्र यस समितिमा लिखित तथा इलेक्ट्रोनिक (PPT) प्रति पेश गर्ने।

ख) उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले एक निर्वाचन क्षेत्र एक उद्यमशिलता विकास कार्यक्रम संचालन गर्न निर्देशन गर्ने।

## २.१.१२ मिति २०८० फागुन१६ गते बाह्रौं बैठकको निर्णय

१. <u>मिति २०८०/१०/११ गते त्रिभुवन पार्क लगायतका स्थानहरूमा भएको अनुगमनको सन्दर्भमा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयनको अवस्थाको मन्त्रालयबाट जानकारी लिने सम्बन्धमाः-</u>

क) त्रिभुवन पार्क, थानकोट भित्रको बहुमुल्य बोट विरुवा, जग्गा, स्थिर सम्पत्ति संरक्षण गर्न, अवैध रुपमा निर्माण भएको घरटहरा तत्काल हटाउन, शहीद स्मारक प्रकृति प्रतिष्ठान र विभिन्न फर्म/कम्पनी विच भएको लिज र कथित सम्झौताहरूको कार्यान्वयन रोक्न तथा अतिक्रमण भएको जग्गाको संरक्षण गर्ने।

ख) बुँदा (क) को कार्यान्वयनको लागि शहीद स्मारक प्रकृति प्रतिष्ठानले कार्यान्वयन गर्ने गरी संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई सात दिन भित्र पत्राचार गर्न निर्देशन दिने र शहीद स्मारक प्रकृति प्रतिष्ठानले निर्णय कार्यान्वयन गरेको प्रतिवेदन पन्ध्र दिन भित्र यस समितिलाई उपलब्ध गराउने।

ग) शहीद स्मारक प्रकृति प्रतिष्ठान मातहतको त्रिभुवन पार्क प्रदेश सरकार मातहत पूर्ण अधिकार सहित ल्याउन संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने।

घ) प्रदेश सरकार अन्तरगत रहेको पर्यटन प्रवर्द्धनको लागि निर्माण गरिएका हिल स्टेशन पर्यटकीय गन्तव्यहरुको संचालन अवस्था बारे संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयबाट जानकारी लिने।

ङ) पर्यटन उद्योगको विकासको लागि होटल एशोसिएशन नेपाल, नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्टस्, ट्रेकिङ्ग एशोसिएशन अफ नेपाल, पर्यटन सहकारी संस्था र विज्ञ क्षेत्र लगायत सरोकारवालाहरुसंग अन्तरक्रिया गर्न काठमाडौमा कार्यशाला गोष्ठी संचालन गर्ने र यस कार्यको सम्पूर्ण व्यवस्थापन गर्न संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई अनुरोध गर्ने।

प्रदेश सचिव श्री विनोद भट्टराई संयोजक रहेको तीन सदस्य छानविन समितिले शहीद स्मारक प्रकृति प्रतिष्ठानथानकोटको सरकारी जग्गा हिनामिना सम्बन्धी तयार पारेको , बागमती प्रदेशबाट माग गर्न ,प्रतिवेदन श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संस्कृतिपर्यटन तथ ,ा सहकारी मन्त्रालयलाई अनुरोध गर्ने।

## २.१.१३ मिति २०८१ बैशाख२७ गते तेहौं बैठकको निर्णय

१. प्रदेश हस्तकलाग्रामको स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को सम्बन्धमा दफावार छलफलबाट विधेयकमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

क) विधेयकको प्रस्तावनामा रहेको “लघु तथा घरेलु” शब्द पछि “लगायतका समग्र” भन्ने शब्दहरू थप गर्ने।

ख) विधेयकको दफा २ को खण्ड (ञ) मा “हस्तकलाग्राम भन्नाले प्रचलित प्रादेशिक कानुन बमोजिम” शब्दहरू पछि “मौलिकतामा आधारित” भन्ने शब्दहरू थप गर्ने।

## २.१.१४ मिति २०८१ बैशाख२८ गते चौधौं बैठकको निर्णय

१. प्रदेश हस्तकलाग्रामको स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को सम्बन्धमा दफावार छलफलबाट विधेयकमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

क) विधेयकको दफा ६ को खण्ड (ख) मा “सदस्य” पछि “सचिव” शब्द थप गर्ने र क्रम मिलाउने।

ख) विधेयकको दफा ६ को साविकको खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्ने।

"हस्तकलासँग सम्बन्धित विज्ञहरू मध्येबाट कम्तिमा दुई जना महिला सहित तीन जना -सदस्य"

ग) विधेयकको दफा ६ को साविकको खण्ड (ट) मा रहेको "-सदस्य सचिव" शब्दबाट "सचिव" शब्द हटाउने।

घ) विधेयकको दफा ८ को "विशेष अवस्थामा" शब्द पछिको "कार्यकारिणी समितिले सिफारिस गरेमा" भन्ने शब्दहरू हटाउने।

ङ) विधेयकको साबिकको दफा ९ र दफा १० हटाउने र दफाहरूको क्रम मिलाउने।

## २.१.१५ मिति २०८१ जेठ७ गते पन्ध्रौं बैठकको निर्णय

**क)** प्रदेश सभाको बैठकबाट मनोनीत माननीय सदस्यहरू माननीय आनन्द कुमार श्रेष्ठ, माननीय धनेश्वरी प्रजापति, माननीय मसिना खड्का, माननीय माया देवी शर्मा र माननीय लक्ष्मी घिमिरे लाई स्वागत गरियो।

**ख)** माननीय सभामुखबाट निर्धारित निर्वाचन कार्यक्रम अनुसार यस समितिको सभापति पदका एकल उम्मेदवार माननीय आनन्द कुमार श्रेष्ठलाई समितिको सभापतिमा सर्वसम्मत चयन गर्ने निर्णय गरियो।

## २.१.१६ मिति २०८१ जेठ३२ गते सोहौं बैठकको निर्णय

**क)** समितिमा पेश भएको पाँचौं बार्षिक प्रतिवेदनमाथि छलफल गरि सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

**ख)** समितिबाट पारित प्रतिवेदन सभामा पेश गर्नाका लागि माननीय सभामुख समक्ष पेश गर्ने निर्णय गरियो।

## २.१.१७ मिति २०८१ असार१० गते सत्रौं बैठकको निर्णय

क) समितिमा ३ वटा देहायबमोजिमको विषयगत समिति रहने सर्वसम्मत निर्णय गरियो।

i) उद्योग, उपभोक्ता हित संरक्षण तथा आपूर्ति उपसमिति

ii) पर्यटन, संस्कृति तथा सहकारी उपसमिति

iii) बन तथा वातावरण उपसमिति

ख) समितिको क्षेत्राधिकार भित्रको उद्योग, भूमि तथा प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र बन तथा वातावरण मन्त्रालयको चालु आ.ब. २०८०/०८१ को प्रगति र आगामी आ.ब. २०८१/०८२ को बार्षिक कार्ययोजना २०८१ श्रावण महिनाको तेस्रो हप्ता भित्र समितिमा प्राप्त हुने गरी  माग गर्ने निर्णय गरियो।

ग) उद्योग, भूमि तथा प्रशासन मन्त्रालयलाई प्रदेश सरकारबाट संचालित उद्योगहरूको विवरण (उद्योग संचालन सम्म आउँदाको लागत, रोजगार सृजनाको अवस्था, बजारमा उत्पादित बस्तु तथा सेवाहरुको आपूर्ति, बर्तमान अवस्था) १ हप्ता भित्र यस समितिमा उपलब्ध गराउन निर्देशन दिने।

घ) संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई भ्रमण वर्ष २०२४ को आर्थिक, भौतिक तथा अन्य प्रगति; प्रदेश भित्र रहेका बचत तथा ऋण सहकारीहरुको जिल्लागत विवरण र प्रदेश सरकारको मिति २०८०/०९/२२ को निर्णयबाट समस्याग्रस्त घोषणा भएका सहकारी संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्न गठन भएको व्यवस्थापन समितिबाट हाल सम्म भए गरेका कामको विवरणहरू १ हप्ता भित्र यस समितिमा उपलब्ध गराउन निर्देशन दिने।

ङ) बन तथा वातावरण मन्त्रालयलाई चालु आ.ब.मा प्रदेश भित्र करिव २५ लाख बिरुवा विक्षारोपण गर्न र प्रदेश भित्रका सरकारी तथा सार्वजनिक क्षेत्रमा रहेको बन व्यवस्थापन गर्न आवश्यक योजना निर्माण गरी समितिमा पेश गर्न निर्देशन दिने निर्णय गरियो।

च) समितिका माननीय सदस्यहरुको क्षमता अभिबृद्धि गर्न ललितपुर जिल्लाको गोदावरीमा यही असार २० र २१ गते क्षमता अभिबृद्धि सम्बन्धी २ दिने आवासीय कार्यक्रम संचालन गर्ने र यसको लागि आवश्यक बजेट व्यवस्थापनको लागि माननीय सभामुख समक्ष अनुरोध गर्ने निर्णय गरियो।

छ) समितिमा दफावार छलफलको लागि प्राप्त प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि छलफलको लागि विज्ञको सहयोग लिने निर्णय गरियो।

## २.१.१८ मिति २०८१ भाद्र १२ गते अठारौं बैठकको निर्णय

बन तथा वातावरण मन्त्रालय अन्तरगतको बार्षिक प्रगति माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो।

क) मन्त्रालय अन्तरगत छुटै वातावरण हेर्ने गरी महाशाखा र मातहतका निर्देशनालय र कार्यालयहरूमा समेत वातावरण हेर्ने शाखा व्यवस्था गर्न निर्देशन दिने।

ख) मन्त्रालय र मातहतका कार्यलयहरूमा कायम रहेको बेरुजु फछ्र्यौटको लागि कार्ययोजना बनाइ लागु निर्देशन दिने।

ग) प्रदेश बन ऐन समयानुकुल तत्काल संशोधन प्रकृया शुरु गर्न निर्देशन दिने।

घ) संघीय बन तथा वातावरण मन्त्रालय र प्रदेश मन्त्रालय बीच समन्वय र सहकार्यको लागि पहल गर्न अनुरोध गर्ने।

## २.१.१९ मिति २०८१ भाद्र १३ गते उन्नाईसौं बैठकको निर्णय

प्रदेश सभाको मिति २०८० चैत्र २९ गतेको बैठकबाट यस समितिमा दफावार छलफलको लागि प्राप्त प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो।

१. प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि विधेयक भनिएको) को प्रस्तावनामा रहेको **"लघु तथा घरेलु"** भन्ने शब्दहरू पछि **"लगायतका समग्र"** भन्ने शब्दहरू थप गर्ने।

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेको **"२०८०"** भन्ने अंकहरुको सट्टा **"२०८१"** राख्ने।

३. विधेयकको दफा २ को खण्ड (क) मा**"अध्यक्ष भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।"**भन्नेथप गर्ने र खण्ड क्रम मिलाउने।

४. विधेयकको दफा २ को साबिकको खण्ड(ञ) मा रहेको **"हस्तकला ग्राम भन्नाले प्रचलित प्रादेशिक कानुन बमोजिम"**भन्ने शब्दहरू पछि**"मौलिकतामा आधारित"** भन्ने शब्दहरू थप गर्ने।

५. विधेयकको दफा ६ को उपदफा (१) कोसट्टा देहायको उपदफा (१) राख्ने

उपदफा (१) यो ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियम बमोजिम प्रदेशभित्रका समग्र हस्तकलाग्राम वा क्षेत्रको विकास तथा प्रवर्धन सम्बन्धी विषयमा प्रदेश सरकारलाई नीतिगत तथा कार्यगत सुझाव तथा परामर्श दिनका लागि देहायका अध्यक्ष र सदस्य रहेको बागमती प्रदेशहस्तकला परिषद् गठन हुनेछ।

(क)मन्त्री,उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय -अध्यक्ष

(ख)सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय, -सदस्य

(ग) सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(घ)सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय, -सदस्य

(ङ)सचिव, सामाजिक विकास मन्त्रालय, -सदस्य

(च)सचिव, प्रदेश नीति तथा योजना आयोग, -सदस्य

(छ) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय -सदस्य

(ज)अध्यक्ष, नेपाल हस्तकला महासंघ केन्द्रिय समिति -सदस्य

(झ)अध्यक्ष बागमती प्रदेश हस्तकला संघ, -सदस्य

(ञ) हस्तकलासंग सम्बन्धित कालिगढ विज्ञहरू मध्येबाट कम्तिमा दुई जना महिला सहित तिन जना -सदस्य

(ट)प्रदेश भित्रका स्थानीय तहको प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्ष मध्येबाटदुई जना -सदस्य

(ठ)सचिव,उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, -सदस्य सचिव

६. विधेयकको दफा ८ को उपदफा (१) मा रहेको**"विशेष अवस्थामा"**भन्ने शब्दहरु पछिको**"कार्यकारिणी समितिले सिफारिस गरेमा"**भन्ने शब्दहरू हटाउने।

७. विधेयकको **दफा ९ र दफा १० हटाउने** र दफा क्रम मिलाउने।

८. विधेयकको साबिकको दफा ११ को उपदफा (१) सट्टा देहायको उपदफा (१) राख्ने ।

**"परिषद्ले आफैं वा स्थानीय तह वा निजी क्षेत्र वा स्थानीय समुदाय (पिपिसिपि)ले हस्तकलाग्राम स्थापनाको लागि कुनै प्रस्ताव पेस गरेमा सो प्रस्तावलाई मन्त्रालयले प्रारम्भिक छलफल गराई सो प्रस्ताव अनुसारको हस्तकलाग्राम स्थापना तथा सञ्चालन गर्न सकिने अवस्था विद्यमान रहेमा परिषद्को बैठकबाट पारित गरी हस्तकलाग्राम घोषणाका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।"**

९. विधेयकको साबिकको दफा १२ को उपदफा (१) मा रहेको **"कार्यकारिणी समिति"**भन्नेशब्दहरुको सट्टा **"मन्त्रालय"** शब्द राख्ने ।

१०. विधेयकको साबिकको दफा १२ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने।

**"यस दफा बमोजिम तयार गर्नुपर्ने हस्तकलाग्रामको स्थापनाको पूर्व तयारीहरूमा लाग्ने खर्च सम्बन्धित स्थानीय तहको समन्वयमा सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि)बाट व्यवस्थापन गर्नुपर्नेछ। त्यसरी गरिने खर्चको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।"**

११. विधेयकको साबिकको दफा १३ को उपदफा (१) मा रहेको **"कार्यकारिणी समिति"** शब्दहरुको सट्टा **"मन्त्रालय"** शब्द राख्ने ।

१२. विधेयकको साबिकको दफा १३ को उपदफा (३) मा रहेको **"वस्तुगत संघ, स्थानीय तह तथा प्रदेश सरकारबाट"** शब्दहरुको सट्टा **"सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि) मा"**भन्नेशब्दहरु राख्ने।

१३. विधेयकको साबिकको दफा १४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने

**"हस्तकलाग्राम विकास र निर्माणका लागि मन्त्रालयले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्नेछ"।**

१४. विधेयकको साबिकको **दफा १४ को उपदफा (३) झिक्ने।**

१५. विधेयकको साबिकको दफा १६ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने।

**"सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि)बाट संयुक्तरुपमा विकास, निर्माण तथा व्यवस्थापन गर्ने गरी,"**

१६. विधेयकको साबिकको दफा १७ को,-

(क) उपदफा (३) मा रहेको **"कार्यकारिणी समितिले सिफारिस गरी"** भन्ने शब्दहरू हटाउने।

(ख) उपदफा (४) को सट्टामा देहायको उपदफा (४) राख्ने।

**"हस्तकलाग्रामभित्र स्थापना हुने उद्योगका लागि उपलब्ध हुने सेवा रसुविधा प्रदेश ऐन, नियम बमोजिम स्थानीय तहले उपलब्ध गराउनेछ।"**

(ग) उपदफा (५) मा रहेको **"त्यस्तो"** भन्ने शब्द सट्टा **"हस्तकला"** शब्द राख्ने र **"दिनसकिनेछ"** शब्दहरूको सट्टा **"दिइनेछ"** भन्ने शब्दहरू राख्ने।

(घ) उपदफा (८) मा रहेको **"गर्ने"** भन्ने शब्दको सट्टा **"गरिनेछ"** भन्ने शब्द राख्ने।

१७. विधेयकको साबिकको दफा १८ मा,-

(क) उपदफा (२) को खण्ड (ड) पछि देहायको खण्डहरू थप गर्ने।

**"(ढ) बेत, बास, निगालो आदीबाट निर्मित हस्तकलाका सामाग्रीहरू."**

**"(ण) पराल, छवाली, मकैको खोस्टा, थाकलबाट निर्मित हस्तकलाका सामाग्रीहरू"**

(ख) देहायको उपदफा (३) थप गर्ने।

**"उपदफा (२) मा उल्लेख भएका बाहेक अन्य हस्तकलाका सामाग्रीहरुलाई समेत तोकिए बमोजिम सुचिकृत गर्न सकिनेछ।"**

१८. विधेयकको साबिकको दफा२१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने

**"तर स्थापित उद्योगले कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई जग्गा वा उद्योग लिजमा सञ्चालन गर्न दिने गरी हस्तान्तरण गर्न सक्ने छैन।"**

१९. विधेयकको साबिकको दफा २४ को उपदफा (२) मा रहेको **"सात"** भन्ने शब्दको सट्टा **"पैंतीस"** भन्ने शब्द राख्ने।

२०. विधेयकको साबिकको दफा २६ मा रहेको **"गर्न सकिनेछ"** भन्ने शब्दहरूको सट्टा **"गर्नुपर्ने छ"** भन्ने शब्दहरू राख्ने।

## २.१.२० मिति २०८१ भाद्र १४ गते बीसौं बैठकको निर्णय

१. **<u>प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलमा भएका निर्णयको प्रतिवेदन-:</u>**यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलका भई विधेयकमा भएका संशोधनहरूको निर्णय सहितको प्रतिवेदन सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

२. **<u>समितिले बनाएको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्नेः-</u>**यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलका भई विधेयकमा भएका संशोधनहरूको निर्णय सहितको प्रतिवेदन माननीय सभामुखज्यू मार्फत प्रदेश सभामा पेश गर्ने निर्णय गरियो।

## २.१.२१ मिति २०८१ असोज८ गते एक्काईसौं बैठकको निर्णय

१. <u>जिल्ला अनुगमनको लागि देहायको समिति गठन गर्ने-:</u>

मिति २०८० असोज १५ गते जिल्ला अनुगमनको लागि गठन भएको समितिमा देहाय बमोजिम हेरफर गरी जिल्ला अनुगमनको लागि मिति २०८११३ गते देखि /०६/ निरन्तर जाने निर्णय गरियो।

**क) सिन्धुपाल्चोक, धादिङ, ,नुवाकोट र रसुवा**

मा. लक्ष्मण लम्साल- संयोजक

मा. मोनिका श्रेष्ठ-सदस्य

मा. ठुला थामी -सदस्य

मा. मसिना खड्का -सदस्य

मा. गिता काफ्ले -सदस्य

**ख) काभ्रेपलाञ्चोक,दोलखा र रामेछाप**

मा.रुकु चौलागाई -संयोजक

मा. तारा नारायण श्रेष्ठ -सदस्य

मा. राजु विष्ट -सदस्य

**ग) काठमाडौ, ललितपुर र भक्तपुर**

मा. याङ्कीला शेर्पा-संयोजक

मा. शान्ता ढकाल -सदस्य

मा. दीपेन्द्र श्रेष्ठ -सदस्य

मा. धनेश्वरी प्रजापति -सदस्य

**घ) मकवानपुर, चितवन र सिन्धुली**

मा. भारती कुमारी पाठक -संयोजक

मा. भुवन केशरी श्रेष्ठ -सदस्य

मा. बालकुमारी विश्वकर्मा -सदस्य

मा. यमुना देबी श्रेष्ठ -सदस्य

२. **धन्यवाद प्रस्ताव सम्बन्धमा-** प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा दफावार छलफल गरी यस समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक प्रदेश सभा बैठकबाट मिति २०८१/६/७ पारित भएकोले माननीय सभामुख मार्फत प्रदेश सभालाई धन्यवाद दिने निर्णय गरियो।

## २.१.२२ मिति २०८१ पौष२३ गते बाईसौं बैठकको निर्णय

१. **उपसमितिको संयोजक तथा सदस्यहरु चयन गर्ने।**

यस समितिको मिति २०८१/०३/१० को निर्णयानुसार गठन भएका देहायका उपसमितिहरुमा तपसिलका माननीय सदस्यहरु रहने निर्णय गरियो।

क) उद्योग, उपभोक्ताहित संरक्षण तथा आपूर्ति

क) मा. रुकु चौलागाई -संयोजक

ख) मा. ठुला थामी -सदस्य

ग)मा. दिपेन्द्र श्रेष्ठ -सदस्य

घ)मा. धनेश्वरी प्रजापति -सदस्य

ङ)मा. यमुना देवी श्रेष्ठ -सदस्य

ख) पर्यटन, संस्कृति तथा सहकारी

क) मा. याङ्किला शेर्पा -सदस्य

ख) मा. तारानारायण श्रेष्ठ -सदस्य

ग)मा. बालकुमारी विश्वकर्मा -सदस्य

घ)मा. मोनिका श्रेष्ठ -सदस्य

ङ)मा. शान्ता ढकाल -सदस्य

ग) वन तथा वातावरण

क) मा. भारती कुमारी पाठक -सदस्य

ख) मा. गीता काफ्ले -सदस्य

ग)मा. भुवन केशरी श्रेष्ठ -सदस्य

घ)मा. मसिना खड्का -सदस्य

ङ)मा. लक्ष्मण लम्साल -सदस्य

च)मा. राजु विष्ट -सदस्य

२. जिल्ला अनुगमन कार्यक्रम तय गर्ने

समितिको क्षेत्राधिकार भित्रको मन्त्रालय अन्तर्गतका काठमाडौं उपत्यकाका कार्यालयहरुमा अनुगमन मिति २०८१/१०/०३ र ०४ गते माननीय याङ्किला शेर्पाको संयोजकत्वमा जाने निर्णय गरियो।

## २.१.२३ मिति २०८१ पौष२४ गते तेईसौं बैठकको निर्णय

१. उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको प्रस्तुतिकरण

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको प्रस्तुतिकरण माथि छलफल हुँदा देहाय बमोजिमको निर्देशन दिने निर्णय गरियो।

क) १३ वटै जिल्लामा रहेका उद्योग तथा वाणिज्य कार्यालय र उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको सेवाहरुलाई सहज, सरल र छिटो छरितो बनाउन अनलाईन प्रविधियुक्त बनाउने र सेवाहरुलाई एकद्वार प्रणालीबाट संचालन गर्ने।

ख) कार्यालयको सेवा क्षेत्र भित्रका जनताहरुकालागि उद्यमशिल कार्यक्रमहरु संचालन गर्ने।

ग) मन्त्रालय, निर्देशनालय र कार्यालयहरुमा दरवन्दी अनुसारको पदपूर्ति गर्ने।

घ) मन्त्रालय, निर्देशनालय र कार्यालयहरुको बजेट तथा कार्यक्रमहरुको समयमै सम्पन्न गर्न र बेरुजु रकमहरुलाई असुल उपर र नियमित गर्ने।

## २.१.२४ मिति २०८१ पौष२४ गते चौबिसौं बैठकको निर्णय

१. संस्कृति तथा पर्यटन मन्त्रालयको प्रस्तुतिकरण

संस्कृति तथा पर्यटन मन्त्रालयको प्रस्तुतिकरण माथि छलफल हुँदा देहाय बमोजिमको निर्देशन दिने निर्णय गरियो।

क) १३ वटै जिल्लामा रहेको साँस्कृतिक धरोहर तथा पर्यटन गन्तब्यहरुको अभिलेख राख्ने र संरक्षण तथा सम्बर्द्धन गरी पर्यटन व्यवसायको प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गर्ने।

ख) मन्त्रालय, निर्देशनालय र कार्यालयहरुमा दरवन्दी अनुसारको पदपूर्ति गर्ने र कार्यालयमा रहेको योजनाहरु समयमै सम्पन्न गर्ने।

ग) मन्त्रालय र कार्यालयहरुको बजेट तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्न र बेरुजु रकमहरुलाई असुल उपर र नियमित गर्न।

## २.१.२५ मिति २०८१ चैत्र १७ गते पच्चीसौं बैठकको निर्णय

**प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलः-**

यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको"प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक"माथिसमितिका माननीय सदस्यहरु, संशोधनकर्ता माननीय सदस्यहरु, मन्त्रालयबाट माननीय मन्त्रीज्यू, सचिवज्यू लगायतको उपस्थितिमा विधेयकको दफा १ देखि दफा २४ सम्मका दफाहरुमा छलफल गरियो।

## २.१.२६ मिति २०८१ चैत्र १८ गते छब्बीसौं बैठकको निर्णय

**प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफल-ः**

यस समितिम दफावार छलफलका लागि प्राप्त भएकोप्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलका क्रममा विधेयकमा देहायको संशोधनको निर्णय गरियोः-

१. प्रस्तावित विधेयकको दफा १ मा रहेको दोस्रो संशोधन भन्ने शब्दहरुको सट्टा **"पहिलो संशोधन"** भन्ने शब्दहरु राख्ने ।

२. प्रस्तावित विधेयकको दफा १ पछि देहायको दफा (२) थप गर्ने र दफाक्रम मिलाउनेः-

**२." प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ को दफा २ मा संशोधनः-** **प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६(यसपछि मुल ऐन भनिएको) को** दफा २ को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

**(ज) "कार्यालय" भन्नाले लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योगर वाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनुपर्छ।"**

३. प्रस्तावित विधेयकको दफा ४ मा प्रस्ताव गरिएको मूल ऐनको दफा ६३ पछि थप्ने भनिएको दफा ६३क.को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

**"(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्द पिडित व्यक्तिको नाममा मात्र उद्योग/व्यवसाय दर्ता गर्न चाहेमा त्यस्तो फर्म दर्ता गर्दा यस ऐन बमोजिम लाग्ने दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।**

**तर त्यस्तो छुट प्राप्त गर्न दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्द पिडित व्यक्तिले अधिकार प्राप्त निकायबाट जारी गरिएको प्रमाणपत्र वा सिफारिस पेश गर्नु पर्नेछ।"**

४. मुल ऐनको अनुसूची -२ को सट्टा देहायको अनुसूची -२ राख्नेः-

**"अनुसूची — २**

**(दफा ४ को उपदफा(२), दफा ९क. को उपदफा(२) र दफा १२ को उपदफा(२) सँग सम्बन्धित)**

**प्राइभेट/साझेदारी फर्म/व्यवसाय गर्ने कम्पनीको दर्ता दस्तुर**

| सि.नं. | पुँजी | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | एक लाख रुपैयाँसम्म | १,०००/- | |
| २. | एकलाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ३,०००/- | |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ६,०००/- | |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | ७,०००/- | |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२,०००/- | |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २०,०००/- | |
| ७. | एककरोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ३०,०००/- | |
| ८. | पाँच करोड रुपैयाँभन्दा बढी | ५०,०००/- | |

५. मुल ऐनको अनुसूची -४ को सट्टा देहायको अनुसूची -४ राख्नेः-

**"अनुसूची –४**

**(दफा ५ को उपदफा (३) र (४), दफा ९ को उपदफा (४) तथा ९ख. को उपदफा (२) सँग सम्बन्धित)**

## प्राइभेट फर्म तथा व्यवसाय गर्ने कम्पनीको अनुमतिपत्र नवीकरण दस्तुर र जरिवाना

| सि.नं. | पुंजी | नवीकरण दस्तुर (रुपैयाँमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | पैंतीस दिनभित्र | नब्बे दिनभित्र | एक वर्षसम्म | एक वर्ष नाघेपछि | |
| | | | | | दस्तुर | थप जरिवाना |
| १. | एक लाख रुपैयाँसम्म | ६००/- | ९००/- | १२००/- | १२००/- | ६००/- प्रतिवर्ष |
| २. | एकलाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | १०००/- | १५००/- | २०००/- | २०००/- | १०००/- प्रतिवर्ष |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | १६००/- | २४००/- | ३२००/- | ३२००/- | १६००/- प्रतिवर्ष |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | २०००/- | २७००/- | ३५००/- | ३५००/- | २०००/- प्रतिवर्ष |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ३०००/- | ४५००/- | ६०००/- | ६०००/- | ३०००/- प्रतिवर्ष |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ५०००/- | ७५००/- | १००००/- | १००००/- | ५०००/- प्रतिवर्ष |
| ७. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ६५००/- | ९७५०/- | १३०००/- | १३०००/- | ६५००/- प्रतिवर्ष |
| ८. | एककरोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ८०००/- | १२०००/- | १६०००/- | १६०००/- | ८०००/- प्रतिवर्ष |
| ९. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ११०००/- | १६५००/- | २२०००/- | २२०००/- | ११०००/- प्रतिवर्ष |
| १०. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | १५०००/- | २२५००/- | ३००००/- | ३००००/- | १५०००/- प्रतिवर्ष |
| ११. | दश करोड रुपैयाँभन्दा बढी | २००००/- | ३००००/- | ४००००/- | ४००००/- | २००००/- प्रतिवर्ष |

६ .मुल ऐनको अनुसूची -५ को सट्टा देहायको अनुसूची -५ राख्ने-:

## अनुसूची– ५

(सँग सम्बन्धित (३) र (१) दफा १५ को उपदफा)

<u>सोझेदारी फर्म नवीकरण दस्तुर</u>

| सि.नं. | पुंजी | फर्म नवीकरण दस्तुर (रुपैयाँमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | पैंतीस दिनभित्र | नब्बे दिनभित्र | एक वर्षसम्म | एक वर्ष नाघेपछि | |
| | | | | | दस्तुर | थप जरिवाना |
| १. | एक लाख रुपैयाँसम्म | ३००/- | ४५०/- | ६००/- | ६००/- | ३००/- प्रतिवर्ष |
| २. | एकलाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ४००/- | ६००/- | ८००/- | ८००/- | ४००/- प्रतिवर्ष |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ७००/- | १०५०/- | १४००/- | १४००/- | ७००/- प्रतिवर्ष |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | १०००/- | १२००/- | १५००/- | १५००/- | १०००/- प्रतिवर्ष |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२००/- | १८००/- | २४००/- | २४००/- | १२००/- प्रतिवर्ष |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २०००/- | ३०००/- | ४०००/- | ४०००/- | २०००/- प्रतिवर्ष |
| ७. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ३०००/- | ४५००/- | ६०००/- | ६०००/- | ३०००/- प्रतिवर्ष |
| ८. | एककरोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ४०००/- | ६०००/- | ८०००/- | ८०००/- | ४०००/- प्रतिवर्ष |
| ९. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ५०००/- | ७५००/- | १००००/- | १००००/- | ५०००/- प्रतिवर्ष |
| १०. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | ६०००/- | ९०००/- | १२०००/- | १२०००/- | ६०००/- प्रतिवर्ष |
| ११. | दश करोड रुपैयाँभन्दा बढी | ७०००/- | १०५००/- | १४०००/- | १४०००/- | ७०००/- प्रतिवर्ष |

## २.१.२७ मिति २०८१ चैत्र २० गते सत्ताईसौं बैठकको निर्णय

१. **<u>प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलमा भएका निर्णयको प्रतिवेदन-:</u>**यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलका भई विधेयकमा भएका संशोधनहरूको निर्णय सहितको प्रतिवेदन सर्वसम्मतीले पारित गरी माननीय सभामुख मार्फत सभामा पेस गर्ने निर्णय गरियो।

२. **<u>प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलमा भएका निर्णयको प्रतिवेदन-</u>**:यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलका भई विधेयकमा भएका संशोधनहरूको निर्णय सहितको प्रतिवेदन सर्वसम्मतीले पारित पारित गरी माननीय सभामुख मार्फत सभामा पेस गर्ने निर्णय गरियो।

३. उद्योग, पर्यटन तथा वातावरण समितिको वार्षिक बजेटमा रहेको**"विषयगत समितिका सदस्यहरुलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम"** अन्तर्गत समितिले प्रदेश मामिला समितिसँग संयुक्त रुपमा २०८२ बैशाख २७ र २८ गते काभ्रेपलाञ्चोक, मण्डनदेउपुर-२ नगरकोटमा सम्पन्न गर्ने निर्णय गरियो।

## परिच्छेद ३-

# कार्यक्रम तथा गतिविधि

### ३.१.विषयगत समितिका सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

विधेयक मस्यौदा तयार गर्ने र प्रतिवेदन लेखन गर्ने क्षमताहरू विषयगत समितिका सदस्यहरूको प्रभावकारीताको लागि अत्यन्त महत्वपूर्ण छन्। बागमती प्रदेश सभाको प्रदेश मामिला समिति तथा उद्योग, पर्यटन तथा वातावरण समितिको संयुक्त आयोजनामा २०८२ साल वैशाख २७ र २८ गते  नगरकोटमा दुई दिने क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भयो। यस कार्यक्रममा कानुनी विशेषज्ञ र संसदीय कर्मचारीहरूले विधायन प्रक्रियाको सैद्धान्तिक र व्यवहारिक पक्षमा सहभागी माननीय सदस्यहरूलाई प्रशिक्षण प्रदान गर्नुभएको थियो।

विधायन प्रक्रियामा विषयगत समितिहरूको भूमिकालाई थप सशक्त, जानकार र प्रभावकारी बनाउने उद्देश्यले दुई दिने क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको हो। विधेयकको मस्यौदा तयार गर्ने, संरचना बुझ्ने, प्रतिवेदन लेख्ने र संशोधन गर्ने व्यवहारिक पक्षहरूमा समिति सदस्यहरूको दक्षता अभिवृद्धि गर्नु प्रमुख लक्ष्य थियो।

अधिवक्ता मोहनलाल आचार्य, नेपालको संविधान निर्माण प्रक्रियासँग गहिरो रूपमा आबद्ध कानुनी विज्ञले विधायनको प्रक्रियागत पक्ष, प्रारम्भिक संरचना र कानुनी मापदण्डहरू र विधेयकको ढाँचा, संरचना र विधि निर्माणको अभ्यास बारे व्याख्या गर्नुभयो। अधिराज राई, संघीय संसद सचिवालयका उपसचिवले विधेयकसम्बन्धी प्रतिवेदन लेखनका व्यवहारिक पक्षहरू र प्रतिवेदनको ढाँचा, संशोधन लेख्ने तरिका र लेखन अभ्यास बारे प्रस्ट पार्नुभयो।

यस क्षमता अभिवृद्धि कार्यक्रमले विषयगत समितिका सदस्यहरूलाई विधेयक तर्जुमा, संशोधन र प्रतिवेदन लेखनजस्ता जटिल प्रक्रिया सरल तरिकाले बुझ्न र अभ्यास गर्न सक्ने वातावरण निर्माण गरेको थियो। सहभागीहरूको सक्रियता र सकारात्मक प्रतिक्रियाले कार्यक्रमको सफलता प्रमाणित गर्छ। भविष्यमा यस्ता कार्यक्रममा अझ फराकिलो सहभागिता र दीर्घकालीन सिप विकासको वातावरण बनाउन सकिने देखिन्छ।

# परिच्छेद - ४

## उपसमिति गठन र कार्यहरु

### पृष्ठभूमी

मिति २०८० असोज ८ गते बसेको समितिको २१ औं बैठकले प्रदेशको १३ वटै जिल्लामा समितिको कार्यक्षेत्र भित्र पर्ने विभिन्न मन्त्रालय अन्तरर्गतका कार्यालयहरुमा समितिकोअध्ययन अनुगमन गरी आवश्यक राय सुझाव वा निर्देशन दिन ,देहाय बमोजिमका माननीय सदस्यहरुको संयोजकत्वमाउपसमिति गठन गरि अनुगमन जाने निर्णय गरिएको थियो।

**क) सिन्धुपाल्चोक, धादिङ्ग, नुवाकोट र रसुवा**

मा. लक्ष्मण लम्साल - संयोजक
मा. मोनिका श्रेष्ठ -सदस्य
मा. ठुला थामी -सदस्य
मा. मसिना खड्का -सदस्य
मा. गिता काफ्ले -सदस्य

**ख) काभ्रेपलाञ्चोक, दोलखा र रामेछाप**

मा. रुकु चौलागाई -संयोजक
मा. तारा नारायण श्रेष्ठ -सदस्य
मा. राजु विष्ट -सदस्य

**ग)काठमाडौं, ललितपुर र भक्तपुर**

मा. याङ्गीला शेर्पा-संयोजक
मा. शान्ता ढकाल -सदस्य
मा. दीपेन्द्र श्रेष्ठ -सदस्य
मा. धनेश्वरी प्रजापति -सदस्य

**घ) मकवानपुर, चितवन र सिन्धुली**

मा. भारती कुमारी पाठक- संयोजक
मा. भुवन केशरी श्रेष्ठ -सदस्य
मा. बालकुमारी विश्वकर्मा -सदस्य
मा. यमुना देबी श्रेष्ठ -सदस्य

मिति २०८१ मंसिर २४ गते देखि २६ गते सम्म काभ्रेपलाञ्चोक, दोलखा र रामेछाप जिल्लामा माननीय तारानाराण श्रेष्ठको संयोजकत्वमा देहाय बमोजिमका कार्यालयहरुमा अनुगमन गरिएको थियो।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | माननीय आनन्द कुमार श्रेष्ठ | सभापति |
| २. | माननीय तारानारायण श्रेष्ठ | संयोजक |
| ३. | माननीय ठुला थामी | सदस्य |
| ४. | माननीय धनेश्वरी प्रजापति | सदस्य |
| ५. | माननीय बालकुमारी विश्वकर्मा | सदस्य |
| ६. | माननीय भुवन केशरी श्रेष्ठ | सदस्य |
| ७. | माननीय राजु विष्ट | सदस्य |

**कर्मचारीहरुः-**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | रिपेश दाहाल | कम्प्युटर अपरेटर |
| २. | सुजन पुडासैनी | माइक अपरेटर |
| ३. | शुसिला भट्टराई | कार्यालय सहयोगी |

**अनुगमन गरिएका कार्यालयहरुः-**

| सि.नं. | कार्यालयको नाम | जिल्ला |
|---|---|---|
| १. | उद्योग तथा वाणिज्य कार्यालय | काभ्रेपलाञ्चोक |
| २. | डिभिजन वन कार्यालय | काभ्रेपलाञ्चोक |
| ३. | उद्योग तथा वाणिज्य कार्यालय | दोलखा |
| ४. | डिभिजन वन कार्यालय | दोलखा |
| ५. | भू -तथा जलाधार व्यवस्थापन कार्यालय | दोलखा |
| ६. | उद्योग तथा वाणिज्य कार्यालय | रामेछाप |
| ७. | डिभिजन वन कार्यालय | रामेछाप |
| ८. | भु तथा जलाधार व्यवस्थापन कार्यालय | रामेछाप |

मिति २०८१माघ ३ गते र ४ गते काठमाडौं र ललितपुर जिल्लामा माननीय याङ्किला शेर्पाको संयोजकत्वमा देहाय बमोजिमका कार्यालयहरुमा अनुगमन गरिएको थियो।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | माननीय आनन्द कुमार श्रेष्ठ | सभापति |
| २. | माननीय याङ्किला शेर्पा | संयोजक |
| ३. | माननीय दिपेन्द्र श्रेष्ठ | सदस्य |
| ४. | माननीय बालकुमारी विश्वकर्मा | सदस्य |
| ५. | माननीय यमुना देवी श्रेष्ठ | सदस्य |
| ६. | माननीय रुकु चौलागाई | सदस्य |
| ७. | माननीय शान्ता ढकाल | सदस्य |

**कर्मचारीहरुः-**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | रिपेश दाहाल | कम्प्युटर अपरेटर |
| २. | सुजन पुडासैनी | माइक अपरेटर |

**अनुगमन गरिएका कार्यालयहरुः-**

| सि.नं. | कार्यालयको नाम | जिल्ला |
|---|---|---|
| १. | उद्योग तथा वाणिज्य कार्यालय | ललितपुर |
| २. | डिभिजन वन कार्यालय | ललितपुर |
| ३. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ललितपुर |
| ४. | भु -तथा जलाधार व्यवस्थापन कार्यालय | ललितपुर |
| ५. | उद्योग तथा वाणिज्य कार्यालय | काठमाडौं |
| ६. | डिभिजन वन कार्यालय | काठमाडौं |
| ७. | पर्यटन विकास आयोजना इकाई कार्यालय | काठमाडौं |

मिति २०८१फागुन ४, ५ र ६ गते सिन्धुली, चितवन र मकवानपुर जिल्लामा माननीय भारती कुमारी पाठकको संयोजकत्वमा देहाय बमोजिमका कार्यालयहरुमा अनुगमन गरिएको थियो।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | माननीय आनन्द कुमार श्रेष्ठ | सभापति |
| २. | माननीय भारती कुमारी पाठक | संयोजक |
| ३. | माननीय बाल कुमारी विश्वकर्मा | सदस्य |
| ४. | माननीय भुवन केशरी श्रेष्ठ | सदस्य |
| ५. | माननीय यमुना देवी श्रेष्ठ | सदस्य |

**कर्मचारीहरुः-**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | रिपेश दाहाल | कम्प्युटर अपरेटर |
| २. | सुजन पुडासैनी | माइक अपरेटर |

**अनुगमन गरिएका कार्यालयहरुः-**

| सि.नं. | कार्यालयको नाम | जिल्ला |
|---|---|---|
| १. | उद्योग तथा वाणिज्य कार्यालय | सिन्धुली |
| २. | डिभिजन वन कार्यालय | सिन्धुली |
| ३. | डिभिजन वन कार्यालय, मरिण | सिन्धुली |
| ४. | उद्योग तथा वाणिज्य कार्यालय | चितवन |
| ५. | डिभिजन वन कार्यालय | चितवन |
| ६. | उद्योग तथा वाणिज्य कार्यालय | मकवानपुर |

| | | |
|---|---|---|
| ७. | डिभिजन वन कार्यालय, हेटौडा | मकवानपुर |
| ८. | डिभिजन वन कार्यालय, राप्ती | मकवानपुर |

**अनुगमनका क्रममा देखिएका समस्याहरु(उद्योग तथा वाणिज्य कार्यालयहरु)**

- आवश्यक संख्या अनुसार प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव।
- दक्ष जनशक्तिको कमीले सेवा प्रवाहमा ढिलाइ हुने।
- सेवा प्रवाह अझै धेरै हदसम्म कागजी प्रक्रियामा निर्भर।
- उद्योग दर्ता, नवीकरण, उपभोक्ता गुनासो आदि प्रक्रियामा ई-गवर्नेन्सको अभाव।
- व्यवसाय दर्ता, नविकरण, इजाजतपत्र प्राप्त गर्न लामो प्रक्रिया र ढिलासुस्ती।
- स्थानीय तह र संघीय निकायसँग समन्वयको कमीले दोहोरो काम र अन्योल सिर्जना।
- नीतिगत स्पष्टता नभएकाले कार्यान्वयनमा अन्योल।
- कार्यालय भवन, प्रविधि, उपकरण तथा यातायात जस्ता भौतिक पूर्वाधारको अभाव।
- ग्रामीण क्षेत्रका उद्यमीहरूलाई पहुँच नपुग्ने समस्या।
- साना तथा मझौला उद्यमहरूलाई पर्याप्त तालिम, वित्तीय पहुँच तथा प्राविधिक सहयोग नपुग्ने।
- स्टार्टअप र नवप्रवर्तनमा सहयोग गर्न नीतिगत तयारी नभएको।
- मूल्यवृद्धि, कालोबजारी, नक्कली सामान नियन्त्रणमा अनुगमन प्रणाली कमजोर।
- उपभोक्ता हित संरक्षण प्रभावकारी ढंगले कार्यान्वयनमा समस्या।
- पुराना ऐन, नियम तथा कार्यविधिहरू अद्यावधिक नगरेको।
- प्रदेशअनुसारको विशिष्ट नीति निर्माणमा ढिलाइ।
- सेवाग्राहीहरूमा सेवा सम्बन्धी जानकारी नहुनु।
- व्यवसायीहरूलाई सरकारी प्रक्रिया, सुविधाहरूको जानकारी नहुनु।

**निष्कर्ष र सुझावहरु:-**

- उद्योग दर्ता, नविकरण, गुनासो व्यवस्थापन लगायत सेवा प्रक्रिया अनलाइन प्रणालीमार्फत सरल र पारदर्शी बनाउनुपर्छ।
- दक्ष जनशक्ति भर्ना, तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- नीति निर्माण, कार्यान्वयन तथा बजार नियमनमा तीनै तहबीच सहकार्य र स्पष्ट कार्यविभाजन आवश्यक छ।

- संघीय ढाँचामा उपयुक्त, आधुनिक र व्यवसायमैत्री कानुनी संरचना विकास गर्नुपर्छ।
- व्यवसाय सहुलियत ऋण, तालिम, मार्केटिङ सपोर्ट, ई—कमर्स प्लेटफर्ममा पहुँच बढाउने कार्यक्रम ल्याउनुपर्छ।
- मूल्य नियन्त्रण, नक्कली सामान रोकथाम, प्रतिस्पर्धी बजार प्रवर्द्धनका लागि अनुगमनलाई व्यवस्थित बनाउने।
- व्यवसायीहरूलाई सरकारका सेवा, सुविधा र प्रक्रिया बारे जानकारी दिने अभियान सञ्चालन गर्नुपर्छ।
- कार्यालय भवन, उपकरण, यातायात र सूचना प्रविधिको पहुँच विस्तार गर्न लगानी आवश्यक छ।

**अनुगमनका क्रममा देखिएका समस्याहरु(भू-तथा जलाधार रडिभिजन वन कार्यालयहरु तर्फ)**

- कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा समस्या।
- विशेषज्ञ जनशक्तिको कमी।
- कार्यालय भवन र यातायातको अभाव।
- सञ्चार र प्रविधिको पहुँच सीमित।
- कार्य योजना र बजेटको समयमै कार्यान्वयनमा समस्या।
- कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्न कठिनाइ।
- स्थानीय तह र अन्य निकायसँगको समन्वयमा कमजोरी।
- नीति र कार्यक्रमहरूको समन्वयमा चुनौती।
- बाढी, पहिरो र भूक्षय र वन डढेंलोका कारण वन क्षेत्रको क्षति।
- प्राकृतिक प्रकोपसँग जुझ्नका लागि पर्याप्त तयारीको अभाव।
- नवीनतम प्रविधिको उपयोगमा कमी।
- स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न कठिनाइ।
- जनचेतनाको अभावले कार्यक्रमहरूको प्रभावकारितामा कमी।
- प्राकृतिक प्रकोपको पूर्वानुमान र तयारीमा कमी।

**निष्कर्ष र सुझावहरु-ः**

- प्राविधिक र प्रशासनिक कर्मचारीहरूको संख्या वृद्धि गर्नुपर्ने।
- नयाँ जनशक्ति भर्ना र वर्तमान जनशक्तिको तालीमद्वारा दक्षता अभिवृद्धि गर्ने।
- ड्रोन प्रविधिको प्रयोगबाट वन क्षेत्रको निगरानी गर्ने।
- डिजिटल डाटा ब्यवस्थापन प्रणाली विकास र अभिलेखीकरण गर्ने।
- कार्यालय भवन, सवारी साधन, उपकरण आदि सुनिश्चित गर्नु।
- संघीय, प्रदेश, र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन र समन्वय संयन्त्र निर्माण गर्ने।
- वन उपभोक्ता समूह र स्थानीय निकायसँग सहकार्यमा वन संरक्षण कार्यक्रमहरू सञ्चालन गर्ने।
- स्थानीय समुदायलाई वन संरक्षण, आगलागी नियन्त्रण, अवैध कटानी रोकथाममा सहभागिता गराउने।
- स्कूल र जनस्तरमा वृक्षरोपण, वन शिक्षा अभियानहरू सञ्चालन।
- पूर्व तयारी योजना, जोखिम मूल्याङ्कन र वन क्षेत्रको पुनःस्थापना कार्यक्रम लागू गर्ने।
- एकीकृत जलाधार व्यवस्थापन मोडेलमा आधारित योजना तयार गर्ने।
- बहुउद्देश्यीय जलाधार विकास (सिंचाइ, खानेपानी, ऊर्जा, संरक्षण) कार्यान्वयन गर्ने।
- भू—सूचना प्रणाली (GIS), भूक्षयको नक्सांकन, जल प्रवाह मापन उपकरणहरूको प्रयोग।
- बाढी, पहिरो प्रभावित क्षेत्रहरूको पहिचान, नियन्त्रण बाँध, ग्याबियन जाली जस्ता संरचना निर्माण गर्ने।

# अनुसूची १

## समितिबाट पास भएका विधेयकको प्रतिवेदन

## २. प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन-२०८१

बागमती प्रदेश सभा

उद्योग, पर्यटन तथा वातावरण समिति

हेटौंडा, नेपाल

**प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन -२०८१**

१. प्रस्तावित विधेयकको दफा १ मा रहेको दोस्रो संशोधन भन्ने शब्दहरुको सट्टा "पहिलो संशोधन" भन्ने शब्दहरु राखे ।

२. प्रस्तावित विधेयकको दफा १ पछि देहायको दफा (२) थप गर्ने र दफाक्रम मिलाउनेः-

२." प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ को दफा २ मा संशोधनः- प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६_(यसपछि मुल ऐन भनिएको) को दफा २ को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

(ज) "कार्यालय" भन्नाले लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र वाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनुपर्छ। "

३. प्रस्तावित विधेयकको दफा ४ मा प्रस्ताव गरिएको मूल ऐनको दफा ६३ पछि थप्ने भनिएको दफा ६३क.को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखेः-

"(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्द पिडित व्यक्तिको नाममा मात्र उद्योग/व्यवसाय दर्ता गर्न चाहेमा त्यस्तो फर्म दर्ता गर्दा यस ऐन बमोजिम लाग्ने दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

तर त्यस्तो छुट प्राप्त गर्न दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्द पिडित व्यक्तिले अधिकार प्राप्त निकायबाट जारी गरिएको प्रमाणपत्र वा सिफारिस पेश गर्नु पर्नेछ। "

४. मुल ऐनको अनुसूची -२ को सट्टा देहायको अनुसूची -२ राखेः-

# बागमती प्रदेश सभा

## उद्योग, पर्यटन तथा वातावरण समिति

हेटौंडा, नेपाल

"अनुसूची – २

(दफा ४ को उपदफा(२), दफा ९क. को उपदफा(२) र दफा १२ को उपदफा(२) सँग सम्बन्धित)

<u>प्राइभेट/साझेदारी फर्म/व्यवसाय गर्ने कम्पनीको दर्ता दस्तुर</u>

| सि.नं. | पुँजी | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | एक लाख रुपैयाँसम्म | १,०००/- | |
| २. | एकलाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ३,०००/- | |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ६,०००/- | |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | ७,०००/- | |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२,०००/- | |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २०,०००/- | |
| ७. | एककरोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ३०,०००/- | |
| ८. | पाँच करोड रुपैयाँभन्दा बढी | ५०,०००/- | |

"

५. मुल ऐनको अनुसूची -४ को सट्टा देहायको अनुसूची -४ राखेः-

"अनुसूची – ४

(दफा ५ को उपदफा (३) र (४), दफा ९ को उपदफा (४) तथा ९ख. को उपदफा (२) सँग सम्बन्धित)

<u>प्राइभेट फर्म तथा व्यवसाय गर्ने कम्पनीको अनुमतिपत्र नवीकरण दस्तुर र जरिवाना</u>

| सि.नं. | पुँजी | नवीकरण दस्तुर (रुपैयाँमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | पैंतीस दिनभित्र | नब्बे दिनभित्र | एक वर्षसम्म | एक वर्ष नाघेपछि | |
| | | | | | दस्तुर | थप जरिवाना |
| १. | एक लाख रुपैयाँसम्म | ६००/- | ९००/- | १२००/- | १२००/- | ६००/- प्रतिवर्ष |
| २. | एकलाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | १०००/- | १५००/- | २०००/- | २०००/- | १०००/- प्रतिवर्ष |

# बागमती प्रदेश सभा
## उद्योग, पर्यटन तथा वातावरण समिति

हेटौंडा, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | १६००/- | २४००/- | ३२००/- | ३२००/- | १६००/- प्रतिवर्ष |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | २०००/- | २७००/- | ३५००/- | ३५००/- | २०००/- प्रतिवर्ष |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ३०००/- | ४५००/- | ६०००/- | ६०००/- | ३०००/- प्रतिवर्ष |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ५०००/- | ७५००/- | १००००/- | १००००/- | ५०००/- प्रतिवर्ष |
| ७. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ६५००/- | ९७५०/- | १३०००/- | १३०००/- | ६५००/- प्रतिवर्ष |
| ८. | एककरोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ८०००/- | १२०००/- | १६०००/- | १६०००/- | ८०००/- प्रतिवर्ष |
| ९. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ११०००/- | १६५००/- | २२०००/- | २२०००/- | ११०००/- प्रतिवर्ष |
| १०. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | १५०००/- | २२५००/- | ३००००/- | ३००००/- | १५०००/- प्रतिवर्ष |
| ११. | दश करोड रुपैयाँभन्दा बढी | २००००/- | ३००००/- | ४००००/- | ४००००/- | २००००/- प्रतिवर्ष |

"

# बागमती प्रदेश सभा
## उद्योग, पर्यटन तथा वातावरण समिति

हेटौंडा, नेपाल

६. मुल ऐनको अनुसूची -५ को सट्टा देहायको अनुसूची -५ राखेः-

"अनुसूची – ५

(दफा १५ को उपदफा (१) र (३) सँग सम्वन्धित)

सोझेदारी फर्म नवीकरण दस्तुर

| सि.नं. | पुँजी | फर्म नवीकरण दस्तुर (रुपैयाँमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | पैंतीस दिनभित्र | नब्बे दिनभित्र | एक वर्षसम्म | एक वर्ष नाघेपछि | |
| | | | | | दस्तुर | थप जरिवाना |
| १. | एक लाख रुपैयाँसम्म | ३००/- | ४५०/- | ६००/- | ६००/- | ३००/- प्रतिवर्ष |
| २. | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ४००/- | ६००/- | ८००/- | ८००/- | ४००/- प्रतिवर्ष |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ७००/- | १०५०/- | १४००/- | १४००/- | ७००/- प्रतिवर्ष |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | १०००/- | १२००/- | १५००/- | १५००/- | १०००/- प्रतिवर्ष |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२००/- | १८००/- | २४००/- | २४००/- | १२००/- प्रतिवर्ष |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २०००/- | ३०००/- | ४०००/- | ४०००/- | २०००/- प्रतिवर्ष |

## बागमती प्रदेश सभा
## उद्योग, पर्यटन तथा वातावरण समिति

हेटौंडा, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ३०००/- | ४५००/- | ६०००/- | ६०००/- | ३०००/- प्रतिवर्ष |
| ८. | एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ४०००/- | ६०००/- | ८०००/- | ८०००/- | ४०००/- प्रतिवर्ष |
| ९. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ५०००/- | ७५००/- | १००००/- | १००००/- | ५०००/- प्रतिवर्ष |
| १०. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | ६०००/- | ९०००/- | १२०००/- | १२०००/- | ६०००/- प्रतिवर्ष |
| ११. | दश करोड रुपैयाँभन्दा बढी | ७०००/- | १०५००/- | १४०००/- | १४०००/- | ७०००/- प्रतिवर्ष |

"

# २. प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन २०८१

बागमती प्रदेश सभा

उद्योग, पर्यटन तथा वातावरण समिति

हेटौंडा, नेपाल

प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन - २०८१

१ प्रस्तावित विधेयकको दफा २ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

(ग) "कार्यालय" भन्नाले लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र वाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनुपर्छ।"

२ प्रस्तावित विधेयकको दफा २ मा रहेको खण्ड (ज१) लाई खण्ड "(ज२)" कायम गर्ने र देहायको खण्ड (ज१) राख्नेः-

(ज१) "परिषद्" भन्नाले दफा ३१ बमोजिम गठित परिषद् सम्झनुपर्छ।

३ प्रस्तावित विधेयकको दफा ८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

(क) लघु उद्यम (सबै) र घरजग्गा बाहेक पाँच लाख रुपैयाँसम्मको स्थिर पुँजी भएको घरेलु उद्योग र साना उद्योग - स्थानीय तहमा

(ख) खण्ड (क) बाहेकको घरेलु उद्योग र साना उद्योग - कार्यालयमा

(ग) मझौला उद्योग - निर्देशनालयमा

४ प्रस्तावित विधेयकको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि रात्रीकालिन बासको सुविधा प्रदान गर्ने गरी स्थापना भएका प्रदेश भित्रका कुनैपनि होटल, लज, रेष्टुरेन्ट, फास्टफुड वा यस्तै प्रकृतिका होटेल स्थानीय तहमा दर्ता भएको भए यो

# बागमती प्रदेश सभा
## उद्योग, पर्यटन तथा वातावरण समिति

हेटौंडा, नेपाल

उपदफा प्रारम्भ भएको तीन महिना भित्र उपदफा (१) बमोजिमको प्रदेशको कार्यालयमा दर्ता गर्नुपर्नेछ। यसरी सो अवधिभित्र दर्ता नगर्ने होटललाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।"

५ प्रस्तावित विधेयकको दफा ८ को उपदफा (३) र उपदफा (४) हटाउने।

६ प्रस्तावित विधेयकको दफा ८ मा देहायको उपदफा (३) थप गर्नेः-

"(३) उपदफा (४) पछि देहायको वाक्यांश थप गरिएको छ

तर विषयगत उद्योग दर्ता गर्ने सम्बन्धित निकायले उद्योग दर्ता पश्चात सोको दर्ता प्रमाणपत्रको प्रतिलिपी सहितको जानकारी निर्देशनालयमा पठाउनु पर्नेछ।"

७ विधेयकको दफा ९ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्दपिडित उद्यमिको मात्र स्वामित्व रहने गरि उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा कानून बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ।"

८ प्रस्तावित विधेयकको दफा २० को "उपदफा (१)" हटाउने।

९ प्रस्तावित विधेयकको दफा २४ को "उपदफा (१)" हटाउने।

# अनुसूची -२

## उद्योग, पर्यटन तथा वातावरण समितिको आन्तरिक कार्यविधि, २०८०

**प्रस्तावनाः**

उद्योग, पर्यटन तथा वातावरण समितिको कामलाईप्रभावकारी बनाउँदै सुव्यवस्थित ढंगलेजिम्मेवारी - वहन गर्नुका साथै समितिमा रहेका सदस्यहरूकोकार्यक्षमतामा समेत अभिवृद्धि गर्नवाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभा नियमावली 2074 ,को नियम १५१ को उपनियम ले दिएको (2) अधिकार प्रयोग गरीसमितिले यो कार्यविधि बनाएको छ।

### परिच्छेद१-

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यस कार्यविधिको नाम "उद्योग, पर्यटन तथा वातावरण समितिको आन्तरिककार्यविधि, २०८०" रहेको छ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

क) "प्रदेश सभा"भन्नाले बागमती प्रदेश सभासम्झनु पर्दछ।

ख) "प्रदेश सरकार"भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्दछ।

ग) "सभामुख"भन्नालेबागमती प्रदेश सभाको सभामुख सम्झनु पर्दछ।

घ) "उपसभामुख"भन्नालेबागमती प्रदेश सभाको उपसभामुख सम्झनु पर्दछ।

ङ) "मन्त्रालय"भन्नाले यस समितिको कार्यक्षेत्रमा तोकिएका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयसम्झनु पर्दछ।

च) "मन्त्री"भन्नालेयस समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयको मन्त्रीलाई सम्झनु पर्दछ।

छ) "सभापति"भन्नालेयस समितिको सभापति सम्झनु पर्दछ।

ज) "प्रदेश सभा सदस्य"भन्नालेबागमती प्रदेश सभाका सदस्य सम्झनु पर्दछ।

झ) "सदस्य"भन्नालेयस समिति र उपसमितिका सदस्य सम्झनु पर्दछ।

ञ) "समितिको कार्यविधि"भन्नालेयस समितिको आन्तरिककार्यविधि, २०८० सम्झनु पर्दछ।

ट) "विज्ञ"भन्नाले समितिले आवश्यकता अनुसार नियुक्त गरेको वा आमन्त्रण गरेको विषय विज्ञ सम्झनु पर्दछ।

ठ) “नियमावली”भन्नालेबागमती प्रदेशको प्रदेश सभा नियमावली, २०७४ सम्झनु पर्दछ।

ड) “बैठक”भन्नालेयस समिति तथा उपसमितिको बैठक सम्झनु पर्दछ।

ढ) “समिति”भन्नाले उद्योग, पर्यटन तथा वातावरण समिति सम्झनु पर्दछ।

ण) “उपसमिति”भन्नालेयस समितिको बैठकबाट गठन गरिएको उपसमिति सम्झनु पर्दछ।

त) “तोकिएको वा तोकिए बमोजिम”भन्नालेप्रदेश सभाले वा यस समितिले तोकेको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

थ) “सचिव”भन्नालेबागमती प्रदेश सभाको सचिव सम्झनु पर्दछ।

द) “समिति सचिव”भन्नाले समिति तथा उपसमितिको सचिव भई काम गर्न जिम्मेवारी प्राप्त कर्मचारी सम्झनु पर्दछ।

ध) “संयोजक”भन्नालेयस समितिले गठन गरेको उपसमितिको संयोजक सम्झनु पर्दछ।

## परिच्छेद-२

## समितिको काम, कर्तव्य र अधिकार

**३. समितिको काम, कर्तव्य र अधिकार निम्नानुसारहुनेछः**

क) नियमावलीको नियम १५१ को उपनियम (१) ले प्रदान गरेका अधिकारहरू प्रयोग गर्ने।

ख) समितिले गर्नुपर्ने कामको बार्षिक कार्ययोजना निर्माण गर्नुका साथै सो बमोजिम नियमित रूपमा बस्ने बैठकका निर्णयहरूबाट तयार भएका कामका सन्दर्भमा प्रतिवेदन तयार गरी समीक्षा गर्ने।

ग) आवश्यक मात्रामा उपसमितिहरूको गठन गरी सदस्यहरूको जिम्मेवारी तोक्ने।

घ) सदस्यहरूको कामलाई व्यवस्थित बनाउन कार्ययोजना सहितको कार्यतालिका बनाइ लागू गर्ने।

ङ) उपसमितिले गर्नुपर्ने काम र सो काम सम्पन्न हुनुपर्ने अवधि किटान गर्ने।

च) उपसमितिले सम्पन्न गर्नुपर्ने काम तोकिएको समयमा सम्पन्न हुन नसकी उपसमितिबाट थप समय माग भएमा समितिमा छलफल पश्चात काम सम्पन्न हुनुपर्ने अवधि थप गर्न सक्ने।

छ) उपसमितिहरूबाट प्राप्त प्रतिवेदन, राय र योजनामा छलफल गरी निर्णय दिने।

ज) समिति र उपसमितिहरूबाट प्रस्तुत भएका कार्ययोजनामा आवश्यक पर्ने बजेट समितिबाट निर्णय गराई बागमती प्रदेश सभा सचिवालयमार्फत माग गर्ने।

झ) समितिले बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदनहरूवार्षिक अनुमान पेस हुनु अगावै र अरू प्रतिवेदनहरू जुनसुकै समयमा प्रस्तुत गर्न सक्नेछ।

ञ) सम्बन्धित क्षेत्रमा क्रियाशिल निजी क्षेत्रसँग सम्बन्धित सङ्घ संस्थासँग छलफल आयोजना गरी राय सुझाव सङ्कलन गर्न सक्नेछ।

ट) समितिले विषय विज्ञलाई आवश्यकतानुसार नियुक्ति गर्न तथा आमन्त्रण गर्न सक्नेछ।

ठ) समितिको कार्य क्षेत्र भित्र रहेका मन्त्रालयहरूको कार्य सम्पादन, सुशासन, र पारदर्शिताको लागि समितिले आवश्यक निर्देशन दिन र अनुगमन गर्न सक्नेछ।

ड) प्रत्यायोजित व्यवस्थापन अधिकार उपसमिति गठन गरी कार्यान्वयन गर्ने सकिनेछ।

## परिच्छेद-३

## सभापति र सदस्यको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**४. सभापतिको काम, कर्तव्य र अधिकारः** समितिको सभापतिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

क) बैठकको अध्यक्षता तथा नेतृत्व प्रदान गर्ने।

ख) समितिको बैठक बोलाउन समिति सचिवलाई निर्देशन दिने,

ग) नियमावलीको नियम १५५, १५९ र १६० ले प्रदान गरेका अधिकार प्रयोग गर्ने,

घ) समितिबाट निर्णय भएका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने,

ङ) समितिको तर्फबाट अन्य निकायहरूसँग हुने काम कारबाहीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

च) समितिका कामलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार अन्य समितिसँग समन्वय गर्ने,

छ) प्रचलित ऐन नियम बमोजिम तोकिएका कार्यहरू गर्ने।

**५. सदस्यको काम कर्तव्य र अधिकारः** समितिकासदस्यको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

क) समिति तथा उपसमितिको बैठकमा सहभागिता जनाउने, छलफलमा भाग लिने र राय प्रस्तुत गर्ने। तर समिति तथा उपसमितिको विचाराधिन विषयसँग कुनै सदस्यको बैयक्तिक हित गाँसिएको भए सो विषयको छलफल र निर्णयमा सो सदस्यले भाग लिन नहुने।

ख) आफूलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने।

ग) समिति तथा उपसमितिको काम प्रभावकारी रूपमासम्पन्न गर्न आफूलाई केन्द्रित गर्ने।

घ) समिति तथा उपसमितिले गर्नु पर्ने कामको सन्दर्भमा योजना बनाई समिति तथा उपसमितिको बैठकमा पेस गर्ने।

ङ) आफूलाई प्रदान गरिएका जिम्मेवारी तथा कामको विवरण समिति तथा उपसमितिको बैठकमा राख्ने।

च) सभापति तथा उपसमिति संयोजकलाई आवश्यक सहयोग गर्ने।

छ) समिति तथा उपसमितिबाट भए गरेका कामका सन्दर्भमा सभापति र संयोजकबाट जानकारी लिने।

ज) समितिको सदस्य नियमितरुपले समिति उपसमितिको बैकठमा उपस्थित हुनु पर्नेछ। लगातार पाँचवटा बैठकमा अनुपस्थित हुने सदस्यले सोको कारण सहितको सूचना सभापतिलाई दिनु पर्नेछ र सोभन्दा बढी अवधिको भएमा सभामुखबाट स्वीकृत गराउनु पर्नेछ।

झ) समिति तथा उपसमितिको बैठकमा पालना गर्नुपर्ने नियमहरू नियमावलीको नियम १९ बमोजिम पालना गर्नु पर्ने।

ञ) सभापति तथा उपसमिति संयोजकले तोकेको अन्य कार्य गर्ने।

## परिच्छेद-४
## उपसमितिको गठन, काम, कर्तव्य र अधिकार

६. **उपसमितिको गठनः**समितिको अधिकार क्षेत्रभित्र रहेको कामलाई थप व्यवस्थित र छिटो छरितो ढंगबाटसञ्चालन गर्न फरक फरक क्षेत्रमा काम गर्ने गरी आवश्यकता अनुसार उपसमिति गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ।निश्चित कार्यक्रम र योजनाको लागि समयावधि तोकेर एकै उपसमितिका सदस्यहरू वा भिन्नभिन्न उपसमितिका सदस्यहरू रहने गरी उपसमिति गठन गर्न सकिनेछ।

७. **उपसमितिको काम, कर्तव्य र अधिकारः**

क) सम्बन्धित मन्त्रालय र निकायसँग प्रत्यायोजित व्यवस्थापन सम्बन्धी विधेयकको दफावार छलफलका लागि समितिलाई सहयोग गर्ने।

ख) सम्बन्धित क्षेत्रमा क्रियाशिल निजी क्षेत्रसँग सम्बन्धित सङ्घ संस्थासँग छलफल आयोजना गरी राय सुझाव सङ्कलन गर्ने।

ग) समितिबाट तोकिएको कामकोबार्षिक कार्ययोजना निर्माण गरी सदस्यहरूलाई परिचालन गर्ने।

घ) समितिले जिम्मेवारी दिएको कामको कार्यअवधि भित्र काम सम्पन्न गर्न नसकेमा उचित कारण सहित समितिमा थप समयावधि माग गर्ने।

ङ) वार्षिक कार्ययोजना तथा विशेष कार्यक्रमको लागि आवश्यक बजेट तयार गरी समितिको बैठकमा पेस गर्ने।

च) उपसमितिको बैठकले कामको प्रकृति अनुसार छिटो छरितो काम सम्पन्न गर्न उपसमितिका सदस्यलाई कामको बाँडफाँट गर्न सक्नेछ।

छ) उपसमितिले कुनै विषयको अध्ययन गरी प्रतिवेदन दिन कुनै स्थानको भ्रमण गर्नु परेमा सभापति मार्फत सभामुखको स्वीकृति लिनु पर्नेछ।

ज) सम्बन्धित क्षेत्रको विकासका लागि उचित परियोजना तयार गरी बजेटको व्यवस्था गर्न समिति मार्फत सरकारको ध्यानाकर्षण गराउने।

झ) उपसमितिले गरेका काम र सङ्कलन गरेका तथ्य, तथ्याङ्क र विवरणको आवश्यकता अनुसार विभिन्न माध्यमद्वारा प्रचार प्रसार गर्ने।

ञ) उपसमितिले गरेको कामको प्रतिवेदन तयार गरी पेस गर्ने।

## परिच्छेद-५

## बैठकको सञ्चालन र स्थगन एवं बैठकको सामान्य कार्यविधि

### ८. बैठकको सञ्चालन र स्थगनः

क) सभापति वा संयोजकले समिति वा उपसमितिको कार्यबोझलाई ध्यानमा राखी आवश्यकता अनुसार तोकिएको मिति, समय र स्थानमा बैठक बस्नेछ। तर समितिले बैठकको मिति र समय नतोकेमा त्यस्तो बैठकको सूचना सचिवालयले तीन दिन अगावै सदस्यहरूलाई जानकारी गराउनु पर्नेछ।

ख) समितिको बैठक सभापति वा संयोजकले निर्धारित गरेको मिति,समय र स्थानमा समिति सचिवले बोलाउनेछ। तर निर्धारित समयबाट एक घण्टासम्म पनि बैठक प्रारम्भ हुन नसकेमा सभापति वा संयोजकले सो बैठक स्थगन गर्न सक्नेछ र तत्काल अर्को बैठकको मिति र समय तोकिनेछ। सोको सूचना सचिवले प्रकाशन गरी सो सम्बन्धी जानकारी सदस्यहरूलाई विद्युतीयसञ्चारको माध्यमबाट समेत दिइनेछ।त्यसरी दिएको सूचना सदस्यले पाएको मानिनेछ।

ग) सभापति वा संयोजकले प्रत्येक बैठकको प्रारम्भ तथा स्थगनको घोषणा गर्नेछ।

घ) कामको प्रकृति र आवश्यकताको आधारमा समिति वा उपसमितिको बैठक नियमावलीको अधिनमा रही समितिले तोकेको स्थानमा बस्न सक्नेछ।

ङ) समिति वा उपसमितिको बैठक सभापति वा संयोजकको निर्देशन बमोजिमआवश्यकता अनुसार भर्च्युयल माध्यमबाट समेत बस्न सक्नेछ।

च) समिति वा उपसमितिले आवश्यक ठहराएमा सम्बन्धित विषयका विज्ञ, विशेषज्ञ वा जानकार व्यक्तिलाई समितिको बैठकमा बोलाउन सकिनेछ।

**९. गणपूरक संख्याः**

क) यस परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा बाहेक समितिको गणपूरक सङ्ख्या समितिको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई हुनेछ।

ख) समितिको बैठकमा गणपूरक सङ्ख्या नपूगेमा सो सङ्ख्या नपुगेसम्म समितिको सभापतिले अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ।

ग) उपदफा (२) बमोजिम समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगी लगातार दुई पटक बैठक स्थगित गर्नु परेमा सभापतिले त्यसको जानकारी सभामुखलाई दिनु पर्नेछ।

घ) उपसमितिको बैठकको हकमा उपदफा(१) र (२) मा भएको व्यवस्था लागू हुनेछ र उपसमितिको बैठकमा गणपूरक सङ्ख्या नपुगी लगातार दुई पटक बैठक स्थगित गर्नु परेमा संयोजकले त्यसको जानकारी सभापतिलाई दिनु पर्नेछ।

**१०.बैठकको कार्यसूचीः**

क) समितिको बैठकको कार्यसूचीसभापतिको सल्लाह र निर्देशनमा समितिको सचिवले तयार गर्नेछ। त्यस्तो कार्यसूचीको जानकारी बैठक प्रारम्भ हुनुभन्दा कम्तीमा एक दिन अगावै सदस्यहरूलाई बिद्युतीय माध्यमबाट उपलब्ध वा जानकारी गराउनु पर्नेछ।

ख) सभापति वा संयोजकको अनुमति नलिई सम्बन्धित बैठकको कार्यसूचीमा नपरेका विषयमा छलफल तथा बिचार गर्न सकिने छैन।

तर विषयको गाम्भीर्यता अनुसार तत्काल कुनै विषय वस्तु कार्यसूचीमा राख्नुपर्ने भएमा बाधा पुगेको मानिने छैन।

**११.बैठकको निर्णय प्रमाणीकरणः**

क) कुनैपनि प्रस्ताव वा विषयमा निर्णय गर्दा सभापति वा संयोजकले बैठकमा उपस्थित सदस्यलाई हात उठाई प्रस्ताव वा छलफलका विषयमा समर्थन गर्न लगाउन सक्नेछ। बैठकमा उपस्थितसबै सदस्यले समर्थनमा हात उठाएमा सर्वसम्मतले पारित भएको मानिनेछ र उपस्थित संख्याको बहुमतले सो प्रस्ताव वा छलफलकाविषयमा समर्थन जनाएमा सो निर्णय बहुमतले पारित भएको मानिनेछ।

ख) उपदफा (१) बमोजिम निर्णय गर्दा दुवै तर्फ बराबरी मत भएमा सभापति वा संयोजकले निर्णायक मत प्रदान गर्न सक्नेछ।

ग)   बैठकको निर्णय बैठकको अन्तिममा सभापति वा संयोजकले बैठकमा पढेर सुनाउनु पर्नेछ। उक्त निर्णयलाई सभापति वा संयोजकले प्रमाणित गर्नु पर्नेछ र सो निर्णयको अभिलेख समितिको सचिवले राख्नु पर्नेछ।

**१२.बैठक स्थगित गर्ने अधिकारः**

क)   यस कार्यविधिको दफा ९ बमोजिम समिति वा उपसमितिको बैठक सञ्चालनको लागि आवश्यक गणपूरक सङ्ख्या नपूग भएमा सभापति वा संयोजकले आ-आफ्नो क्षेत्राधिकारको बैठक स्थगित गर्न सक्नेछ।

ख)   (२)बैठक कक्षभित्र वा बैठकको समयमा अव्यवस्था भई वा हुन लागेमा बैठक नियमित रूपमा सञ्चालन गर्न बाधा पर्ने देखिएमा सभापति वा संयोजकले सो दिनको कुनै समयसम्म वा आफूले तोकेको अवधिसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ। सभापति वा संयोजकले गरेको त्यस्तो स्थगनमाथि कुनै सदस्यले प्रश्न उठाउन पाउने छैन।

## परिच्छेद-६
## विविध

**१३.समितिको कार्यक्षेत्र हेरफेरः** नियमावलीको नियम १४६ र नियम १४७ बमोजिम समितिको क्षेत्राधिकार थपघट हुन सक्नेछ। सो विषयमा समितिहरू बीच विवाद उत्पन्न भएमा नियमावलीको नियम १६४ बमोजिम भएको निर्णय मान्य हुनेछ।

**१४.जिम्मेवारीमा हेरफेरः**उपसमितिका सदस्यको माग र कामको अनुभवको आधारमा एक पटकका लागि सभापतिले जिम्मेवारी हेरफेर गर्न सक्नेछ।

**१५.सदस्यलाई ध्यानाकर्षणः**समिति, उपसमितिमा रहेर जिम्मेवारी पूरा नगर्ने सदस्यको कामको मूल्याङ्कन गर्दै सभापतिले सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ।

**१६.सदस्यको दायित्वः**समिति तथा उपसमितिको काम कारबाहीमा सहयोग पुर्‍याउनु र प्राप्त जिम्मेवारी पूरा गर्नु सदस्यको कर्तव्य हुनेछ।

**१७.राय दिन सक्नेः** सचिव वा समितिको सचिवले सभापतिको अनुमति लिई बैठकको विचाराधीन विषयमा आफ्नो राय दिन सक्नेछ।

**१८.समितिमा पेस गर्नेः** सम्बन्धित मन्त्रालय, निकायका काम, गतिविधि सम्बन्धमा सम्बन्धित विषयका उपसमितिले गरेका काम कारबाहीको विवरण समितिको बैठकमा प्रस्तुत गर्नु पर्नेछ।

**१९.बैठकमा आमन्त्रण गर्न सक्नेः**समिति र उपसमितिको बैठकमा सभामुख, उपसभामुख, मन्त्री, अन्य समितिका सभापति तथा प्रदेश सभा सदस्यहरूलाई आमन्त्रण गर्न सक्नेछ।

**२०. व्याख्याः** यो कार्यविधिको व्याख्या गर्ने अधिकार नियमावलीको अधिनमा रही सभापतिमा निहित रहनेछ।

**२१. संशोधनः** यस कार्यविधिलाई समितिले आवश्यकतानुसारसंशोधन गर्न सक्नेछ रसंशोधनपूर्व गरिएका कामकारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

# अनुसूची-३

## माननीय सदस्यहरूको बैठकमा उपस्थिति विवरण

**जम्मा बैठक सङ्ख्या-२७**

| सि.नं. | माननीय सदस्यको नाम थर | जम्मा उपस्थिति | कैफियत |
|---|---|---|---|
| १. | मा .आनन्द कुमार श्रेष्ठ | १३ | यसअघि अन्य समितिको सदस्य रहनभएको र मिति २०८१/०२/०५ गते समिति सभापतिमा निर्वाचित |
| २. | मा. उर्मिला नेपाल | ० | मिति २०८२/०२/२१ गते यस समितिमा आउनुभएको |
| ३. | मा .गिता काफ्ले | ७ | |
| ४. | मा.ठुला थामी | २१ | |
| ५. | मा. तारा नारायण श्रेष्ठ | ११ | |
| ६. | मा. दिपेन्द्र श्रेष्ठ | ११ | |
| ७. | मा. धनेश्वरी प्रजापति | ६ | मिति २०८१ जेठ ७ गतेदेखि समितिमा आउनुभएको |
| ८. | मा. बाल कुमारी विस्वकर्मा | २५ | |
| ९. | मा. भारती कुमारी पाठक | २३ | |
| १०. | मा. भुवन केशरी श्रेष्ठ | २७ | |
| ११. | मा. मसिना खड्का | ४ | मिति २०८१ जेठ ७ गतेदेखि समितिमा आउनुभएको |
| १२. | मा. मायादेवी शर्मा | १ | विशेषाधिकार समिति सभापति |
| १३. | मा. मोनिका श्रेष्ठ | ६ | |
| १४. | मा.यमुना देवी श्रेष्ठ | १७ | |
| १५. | मा. याङ्किला शेर्पा | २२ | |
| १६. | मा. राजु विष्ट | ३ | समितिमा हेरफेर भएको |
| १७. | मा .रुकु चौलागाई | २२ | |
| १८. | मा. लक्ष्मण लम्साल | ५ | समितिमा हेरफेर भएको |
| १९. | मा. शान्ता ढकाल | १७ | |
| २०. | मा. शैलेन्द्रमान बज्राचार्य | ९ | |

## अनुसूचि-४
## माननीय सदस्यहरूको विवरण

| सि.नं. | नाम थर | जिम्मेवारी | जिल्ला | राजनीतिक दल | सम्पर्क नम्मर | इमेल ठेगाना- |
|---|---|---|---|---|---|---|
| १ | मा .आनन्द कुमार श्रेष्ठ | सभापति | रामेछाप | नेकपा )एमाले( | ९८५१०१२३०० | shresthaanand8@gmail.com |
| २ | मा. उर्मिला नेपाल | सदस्य | ललितपुर | नेपाली काँग्रेस | ९८५१०४३४७५ | urmilakc014@gmail.com |
| ३ | मा .गिता काफ्ले | सदस्य | भक्तपुर | नेपाल मजदुर किसान पार्टी | ९८४०२५६३६६ | gkafle079@gmail.com |
| ४ | मा.ठुला थामी | सदस्य | दोलखा | नेकपा )एमाले( | ९८४४१५४५६२ | thamithula88@gmail.com |
| ५ | मा. तारा नारायण श्रेष्ठ | सदस्य | रामेछाप | नेकपा(माओबादी केन्द्र) | ९८४४४१२५१५ | narayankathajor@gmail.com |
| ६ | मा. दिपेन्द्र श्रेष्ठ | सदस्य | काठमाण्डौ | नेपाली काँग्रेस | ९८५१०५१७२५ | shresthadeependra33@gmail.com |
| ७ | माधनेश्वरी प्रजापती . | सदस्य | भक्तपुर | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८४१४९४९१९ | dhaneshwariprajapati6@gmail.com |
| ८ | मा.बाल कुमारी विस्वकर्मा | सदस्य | काठमाण्डौ | नेकपा )एमाले( | ९८४१७१०८७४ | balkumaribk503@gmail.com |
| ९ | मा. भारती कुमारी पाठक | सदस्य | मकवानपुर | नेकपा )एमाले( | ९८५१११३८२९ | bharatipathak_2006@yahoo.com |
| १० | मा. भुवन केशरी श्रेष्ठ | सदस्य | भक्तपुर | नेकपा(माओबादी केन्द्र) | ९८४१११९५३५ | bhawana.sth7@gmail.com |
| ११ | मा. मसिना खड्का | सदस्य | सिन्धुपाल्चोक | नेपाली काँग्रेस | ९८५१०९०१२१ | masinakhadka90121@gmail.com |
| १२ | मा. मायादेवी शर्मा | सदस्य | धादिङ | नेकपा (एकिकृत समाजवादी) | ९८४१५६९५६६ | mayadevisharma38@gmail.com |
| १३ | मा. मोनिका श्रेष्ठ | सदस्य | दोलखा | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८६४५९७४३४ | sthamonik112@gmail.com |
| १४ | मा.यमुना देवी श्रेष्ठ | सदस्य | काठमाण्डौ | नेपाली काँग्रेस | ९८५११६११०५ | yamunashrestha@yahoo.com |
| १५ | मा. याङ्किला शेर्पा | सदस्य | काठमाण्डौ | नेपाली काँग्रेस | ९८५१०२५१३७ | yshslt@gmail.com |
| १६ | मा. राजु विष्ट | सदस्य | काठमाण्डौ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८४११८०९८० | rajubista997@gmail.com |
| १७ | मा .रुकु चौलागाई | सदस्य | काभ्रेपलान्चोक | नेकपा(माओबादी केन्द्र) | ९८५१०८४०५८ | chaulagain.rc@gmail.com |
| १८ | मा.लक्ष्मण लम्साल | सदस्य | काभ्रेपलान्चोक | नेकपा (एकिकृत समाजवादी) | ९८४१२४३२९६ | laxmighimire41@gmail.com |
| १९ | मा. शान्ता ढकाल | सदस्य | काठमाण्डौ | नेपाली काँग्रेस | ९८४१३९०८१३ | dhakalshanta32@gmail.com |
| २० | मा. शैलेन्द्र मान बज्राचार्य | सदस्य | काठमाण्डौ | हाम्रो नेपाली पार्टी | ९८५१०२१६६४ | ruasman@gmail.com |

# अनुसूचि-५
## समितिका अनुगमनका क्रममा लिईएका तस्वीरहरु





उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकडिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक






उद्योग तथा वाणिज्य कार्यालय, दोलखा






डिभिजन वन कार्यालय, दोलखा

भू- तथा जलाधार व्यवस्थापन कार्यालय, दोलखा



डिभिजन वन कार्यालय, रामेछाप




उद्योग, वाणिज्य तथा कार्यालय, रामेछाप



डिभिजन वन कार्यालय, सिन्धुली




उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुली



डिभिजन वन कार्यालय मरिण, सिन्धुली




डिभिजन वन कार्यालय, मकवानपुर



डिभिजन वन कार्यालय रासी, मनहरी, मकवानपुर




उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुर



डिभिजन वन कार्यालय, चितवन




उद्योग तथा वाणिज्य कार्यालय, चितवन



उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर




डिभिजन वन कार्यालय, ललितपुर



भू-तथा जलाधार व्यवस्थापन कार्यालय, ललितपुर



उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौं




डिभिजन वन कार्यालय, काठमाडौं



पर्यटन कार्यालय, काठमाडौं



पर्यटन विकास आयोजना ईकाइ कार्यालय, काठमाडौं



संघीय संसदको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण समितिसँग अन्तरक्रिया कार्यक्रम





कोशी प्रदेश सभा, अर्थ तथा विकास समितिसँग छलफल

गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समितिसँग छलफल





समितिको बैठकको झलकहरु

माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू सहित ६ वटै समितिका माननीय सभापतिज्यूहको बैठक



विधेयकमाथि समितिले दफावार छलफल गरि समितिको प्रतिवेदन
माननीय सभामुखज्यूलाई बुझाउँदै

